# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ३४, २०७७ साल जेठ ६ गते मंगलबार (May 19, 2020) www.janaakash.com.np मूल्य रु १०।-



जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# नेपालको नयाँ नक्सा सार्वजनिक गर्ने

- लिम्पियाधुरासहितको नेपालको नक्सा पारित गर्ने ।
- नक्सामा प्रदेश र स्थानीय तह पनि समेटिने ।
- विद्यालयको पाठ्यपुस्तकहरुमा नयाँ नक्सा ।
- सिमा विवादका कारण नेताहरु एकमत ।
- नेपाल–भारत बीच वार्ताको प्रयास जारी ।

काठमाडौं । सरकारले लिम्पियाधुरासहितको नेपालको नक्सा पारित गर्ने ऐतिहासिक निर्णय गरेको छ । आज बसेको मन्त्रिपरिषद्को बैठकले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्रस्तावित नेपालको अद्यावधिक नक्सा स्वीकृत गरेको हो ।

बैठकको निर्णय सार्वजनिक गर्नुहुँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले नक्साले नेपालको उत्तरी, पूर्वीय, पश्चिमी र दक्षिणी अन्तरराष्ट्रिय सीमासहित राजनीतिक र प्रशासनिक प्रबन्ध पनि समेटेको बताउनुभयो । नक्सा नेपालको सबै किसिमका प्रशासनिक र सबै प्रबन्धमा प्रयोग गरिने गरी सरकारले अघि बढाएको पनि मन्त्री खतिवडाले जानकारी दिनुभयो ।

नयाँ नक्सामा अन्तरराष्ट्रिय सिमानाहरुमा खासगरी पश्चिम उत्तरी क्षेत्रमा रहेको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समेटिएको उहाँको भनाइ छ । यो नक्सामा सङ्घीयता अनुरुप प्रदेश र स्थानीय तह पनि समेटिएको छ । अरु अन्तरराष्ट्रिय सीमा यथावत रहेको पनि उहाँले बताउनुभयो ।

अब यो नक्साबमोजिम निशान छाप, सरकारी कामकाजमा प्रयोग गर्ने नक्सा, विद्यालयमा पाठ्यपुस्तकहरु सबै सार्वजनिक प्रयोगमा हुने नक्सा नै अद्यावधिक हुने उहाँले बताउनुभयो । मन्त्री डा खतिवडाले सरकारले तोकिएको दिनमा नै बजेट संसद्मा पेश गर्ने गरी तयारी अघि बढिरहेको बताउनुभयो ।

अहिले दैनिक कोरोना जोखिम बढिरहेको अवस्था भएकाले एक महिना पहिले वा एक साता पहिले गरिएको आर्थिक क्षेत्रको अनुमान अहिले फरक पर्ने पनि उहाँले बताउनुभयो । सरकारले परिस्थितिको नजिकबाट अनुमान गर्दै अबको एक दुई दिनभित्र आगामी वर्षको बजेटको एउटा आकार ल्याउने उहाँको भनाइ थियो ।

आगामी आवमा आर्थिक क्षेत्रलाई कति उकास्न सकिन्छ भन्ने आँकलन गर्न लागिएको र त्यसको आधारमा आर्थिक गतिविधि निरन्तरता दिने पनि सरकारका प्रवक्ता समेत रहनुभएका अर्थमन्त्री डा खतिवडाले बताउनुभयो । उहाँले भन्नुभयो, “जोखिम नियन्त्रण चाल्नुपर्ने कदम र स्वास्थ्य सुरक्षाका लागि अपनाउनुपर्ने कुरा ध्यान दिएर फेरि विकासमा अघि बढाउने गरी तयारी गरिरहेको छ ।”

भारतले गत नोभेम्बरमा नक्सा सार्वजनिक गरेसँगै नेपालमा सीमाका विषयमा विभिन्न स्तरमा छलफल भएको थियो । भारत सरकारले लिम्पियाधुरा क्षेत्रमा निर्माण भएको सडकको उद्घाटन गरेसँगै नेपालमा लिम्पियाधुरासहितको नक्साका लागि सबै पक्षबाट तीव्ररुपमा माग भएको थियो । भारतले नेपालको भूमि अतिक्रमण गरेसँगै सरकारले केही दिन पहिले मात्रै दार्चुला जिल्लाको ब्यास गाउँपालिकामा सीमा निगरानी चौकी स्थापना गरेको थियो ।

यसअघि शुक्रबार राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा पेश भएको सरकारको नीति बाँकी २ पृष्ठमा

## युवतीमा कोरोना संक्रमण देखिएसँगै कपन क्षेत्र सिल

काठमाडौं । बूढानीलकण्ठ नगरपालिका वडा नं १२ स्थित तेन्जिङ चोकमा बसोबास गर्ने एक १८ वर्षीया युवतीमा कोरोना संक्रमण देखिएसँगै सो क्षेत्र सिल गरी अन्य क्षेत्रमा विशेष सतर्कता अपनाइने भएको छ । बूढानीलकण्ठ( १०, ११ र १२ ले सोमवार संयुक्त विज्ञप्ति जारी गर्दै कोरोना संक्रमण देखिएको १२ नं वडा बन्द गर्ने र अन्य क्षेत्रमा विशेष सतर्कता अपनाउने जनाएका छन् । कपन क्षेत्रका तीन वडाले पनि उक्त क्षेत्रमा खुला तरकारी तथा फलफूल बिक्रीवितरण पूर्ण रोक लगाउने निर्णय गरेका छन् ।

बन्दाबन्दीका बेला कुनै वडाभित्र बाहिरी जिल्लाबाट आएका व्यक्तिलाई सूचना नदिई लुकाइछिपाई गरेमा त्यस्ता व्यक्ति तथा घरधनीलाई कारबाही गरिने चेतावनी दिइएको छ । सूचना दिने व्यक्तिलाई प्रोत्साहनस्वरुप रु पाँच सय दिने व्यवस्थासमेत छ । यसैगरी सो क्षेत्रका मासु पसल पूर्ण रुपमा बन्द गर्ने निर्णय गर्दै अत्यावश्यक सेवा प्रदान गर्ने सवारी साधनले मानिस ओसारपसार गरेको पाइएमा कारबाही गरिने जनाइएको छ ।

अत्यावश्यक नभई विनाकाम घर बाहिर निस्केको तथा हिँडडुल गरेको थाहा भएमा कानून बमोजिम बन्दाबन्दी उल्लंघन गरेको ठहर गरी रु पाँच सय जरिवानासहित कारबाही अघि बढाइने बताइएको छ । साथै नगरपालिकाले तोकेकोबाहेकका व्यवसाय तोकिएको समयबाहेक अन्य बेला सञ्चालन गरेमा कानून बमोजिम कारवाही तथा रु एक हजार जरिवाना गरिने नगरपालिकाले जनाएको छ । बूढानीलकण्ठ नगरपालिकाले निःशुल्क खानाको सट्टा रोजगारी दिनेभएको छ । लकडाउनपछि नगरपालिकाले वडा नं ६ ले छहारी भवनमा तथा वडा १० ले निःशुल्क खाना वितरण गर्दै आएको थियो । नगरपालिकाले सञ्चालन गरेको मेसबाट दैनिक चार हजारभन्दा बढी मानिस लाभान्वित हुँदै आएका थिए । यस्तो कार्यक्रमले कोरोना भाइरसको जोखिम बढाउन सक्ने भन्दै नगरपालिकाले निःशुल्क भोजन वितरण कार्यक्रम बन्द गरिएको छ । कार्यक्रम बन्दभए सँगै उनीहरु समस्यामा परेका छन् । कोरोनाको सम्भावित सङ्क्रमणबाट जोगिन सरकारले लकडाउन शुरु गरेदेखि नगरपालिकाले विपन्नका लागि राहत उपलब्ध गराउँदै आएको थियो । बाँकी २ पृष्ठमा

## क्वारेन्टाइन मापदण्ड अनुरूप सञ्चालन गर्न आग्रह

# आउन नदिएपछि क्वारेन्टाइनमै किरिया

काठमाडौं । राष्ट्रिय मानवअधिकार आयोगले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डबमोजिम क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी निर्देशिका लागू गरी त्यहाँ रहेका व्यक्तिहरुलाई छिटो प्रक्रियाबाट स्वास्थ्य परीक्षण गरी सुरक्षित स्थानतर्फ स्थानान्तरण गर्न आग्रह गरेको छ ।

आयोगका सचिव वेदप्रसाद भट्टराईले आज जारी गर्नुभएको प्रेस विज्ञप्तिमा प्रदेश तथा स्थानीय तहसँग पर्याप्त समन्वय गर्दै केन्द्रीय राहत कोषलाई उपयोगमा ल्याउन आयोग आग्रह गरिएको छ । प्रत्येक स्वास्थ्यउपचार केन्द्र तथा अस्पताललाई स्वास्थ्य सुरक्षाको दृष्टिकोणबाट पूर्ण रुपमा सुरक्षित राख्नेतर्फ आवश्यक कदम चाल्दै सङ्क्रमण फैलिन नदिनेतर्फ सजग भई कार्य गर्न, गराउन आयोगले सरकारको ध्यानाकर्षण गराएको छ । विश्व स्वास्थ सङ्गठनको क्वारेन्टाइन व्यवस्थापन मापदण्डअनुसार क्वारेन्टाइनमा उपयुक्त र पर्याप्त खाना, पानी र सरसफाइको प्रबन्ध हुनुपर्ने, सङ्क्रमण रोकथाम तथा नियन्त्रणका न्यूनतम उपायको कार्यान्वयन गर्नुपर्ने, स्वास्थ्य अवस्थाको अनुगमन तथा न्यूनतम आवश्यकता पूर्तिको सुनिश्चितता गर्नुपर्ने उल्लेख गरिएको छ । त्यस्तै, क्वारेन्टाइनका व्यक्तिलाई सम्भव भएसम्म पर्याप्त रुपमा हावामा ओहोरदोहोर गर्न सक्ने खालको एकल कोठा उपलब्ध गराउनुपर्ने, शारीरिक दूरी कायम हुनुपर्ने, परिवारका सदस्यहरुसँग कुराकानी र सञ्चार गर्ने प्रबन्ध मिलाउनुपर्ने, यथासम्भव इन्टरनेट, समाचार तथा मनोरञ्जनको व्यवस्था मिलाउनुपर्ने, मनोसामाजिक सहायता उपलब्ध गराउनुपर्ने र बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई विशेष ध्यान दिनुपर्नेलगायतका व्यवस्था हुनुपर्ने उल्लेख छ ।

आयोगको अनुगमनको क्रममा उक्त मापदण्ड अनुरुप क्वारेन्टाइनमा पर्याप्त पोषणयुक्त खाना, पिउने पानी, शौचालय, उचित बसोबास, स्वास्थ्य हेरचाहजस्ता आवश्यकतासमेतको उचित व्यवस्थापन हुन नसक्दा व्यक्तिका आधारभूत मानवअधिकार सङ्कुचनमा परेको देखिन्छ ।

व्यवस्थित हुन नसक्दा सम्भावित सङ्क्रमित क्वारेन्टाइनमा बस्न नचाहने र बसिरहेका पनि सुरक्षाकर्मी र स्वास्थ्यकर्मीको आँखा छली उम्किने, भाग्ने गर्दा समाजमा सङ्क्रामक रोग अझ बढी फैलिने देखिन्छ । नेपालमा फैलिरहेको कोभिड-१९ को असर र त्यसको कारणबाट नेपालमा एक सुत्केरी महिलासहित दुई जनाको निधनप्रति आयोगले समवेदना प्रकट गरेको छ । कोभिड-१९ को कारणबाट मृत्यु हुनेको प्रत्येक परिवारलाई उचित राहत उपलब्ध गराउने व्यवस्था मिलाउन आयोगले सरकारलाई आग्रह गरेको छ । कोभिड-१९ को रोकथाम, उपचार तथा नियन्त्रणमा दिनरात खटिएका चिकित्सक, नर्स, सफाइ कर्मचारी, सुरक्षाकर्मी, बाँकी २ पृष्ठमा

# बागमती र गण्डकी प्रदेशसभाको बर्खे अधिवेशन तोक्यो

पोखरा । गण्डकी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनले प्रदेशसभाको बजेट अधिवेशन जेठ ११ गतेका लागि आह्वान गर्नुभएको छ । प्रदेश सरकार मन्त्रिपरिषद्को आइतबारको बैठकले बजेट अधिवेशन आह्वानका लागि प्रदेश प्रमुख समक्ष सिफारिस गरेकामा प्रदेश प्रमुख शेरचनले प्रदेशसभाका सभामुखलाई सम्बोधन गरी अधिवेशन आह्वानको सूचना जारी गर्नु भएको हो । प्रदेश सरकार गण्डकी प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा ९१० बमोजिम प्रदेशसभाको अधिवेशन संवत् २०७७ जेठ ११ गते आइतबार दिनको १ बजेदेखी पोखरा सभागृहमा आरम्भ हुने गरी आह्वान गरेको छु प्रदेश प्रमुखद्धारा जारी सूचनामा भनिएको छ । सरकारले नदीपुरस्थित प्रदेशसभा भवन साँघुरो भएको र सामाजिक दूरी कायम गर्न कठिनाइ पर्ने भएकाले सभागृहमा संसद् बैठक राख्न लागिएको जनाएको छ ।

त्यसैगरी मन्त्रिपरिषद् बैठकले प्रदेशका ११ वटै जिल्ला अस्पताललाई एक/एक वटा स्कारपियो गाडी खरिदका लागि बजेट विनियोजन गर्ने निर्णय गरेको छ । तनहुँको दुई स्थानमा शवदाह गृह मेसिनका लागि आवश्यक सामग्री आयात गर्दा लाग्ने भन्सार छुटका लागि सङ्घीय सरकारलाई सिफारिसको निर्णय गरिएको सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री रामशरण बस्नेतले जानकारी दिनुभयो । बैठकले लघु तथा साना उद्यमीहरुलाई मेसिन उपकरण हस्तान्तरण गर्न बनेको कार्यविधिलाई स्वीकृत गरेको छ । वाग्मती प्रदेशको प्रदेशसभाको छैटौं बैठक (वर्षे अधिवेशन) जेठ १२ गतेका लागि डाकिने भएको छ । प्रदेश सरकारको बसेको मन्त्रिपरिषद्को बैठकले जेठ १२ गते दिउँसो २ बजे अधिवेशन आह्वान गर्न प्रदेश प्रमुख समक्ष अनुरोध गर्ने निर्णय गरेको हो । मुख्यमन्त्री डोरमणि पौडेलको अध्यक्षमा बसेको बैठकले चर्चित हेटौंडा काठमाडौं मदन भण्डारी मार्गअन्तर्गतको पोस्ट बहादुर सुरुङ मार्गलाई राष्ट्रिय योजना आयोगमा पहिलो प्राथमिकताको परियोजनाको रूपमा समावेश गरी सङ्घीय सरकारको सहलगानीमा निर्माण गर्नको लागि नेपाल सरकारलाई प्रस्ताव गर्ने निर्णय गरेको छ । यसअघि प्रदेशसभा बाँकी २ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# बजेटको तयारी र अपेक्षा

सरकारले चैत्र ११ गतेदेखि लकडाउन जारी राखेको छ । लकडाउनबाट किसान, उद्योगीब्यवसायी र आमसर्वसाधारणको दैनिकी अस्तब्यस्त बनेको छ । हिजोआज नेपाललगायत विश्वका सबै राष्ट्र कोरोना भाइरसको महामारीसँग जुधिरहेका छन् । नेपाल भने अनेकौं राजनीतिक खेल खेलिरहेको देखिएको छ । कोरोनासँग देश जुधिरहेको यस आ.व. २०७७/०७८ को संसद्को बर्खे अधिवेशन चलिरहँदा नेपाल र नेपाली जनताले यस आ.व.को बजेट पाउने निश्चित प्रायः भएको छ । नेपालमा बहुमतको सरकार रहेको छ । इतिहासको शक्तिशाली प्रधानमन्त्रीले सरकार सञ्चालन गरिरहनुभएको दोस्रो वर्ष ब्यतीत भइसकेको छ भने इतिहासको बढी अर्थशास्त्रका ज्ञान भएका र धेरै वर्ष अर्थ, बैंकिङ क्षेत्र र राष्ट्र बैंकको गभर्नर भई नेपाल र नेपालीलाई योगदान पुऱ्याउनुभएका ब्यक्तित्व अर्थमन्त्री भएर यस सरकारका तर्फबाट प्रेषित गरिने आर्थिक वर्षको दोस्रो पटक बजेट आह्वान गर्ने मौकालाई एक अवसरका रूपमा लिई आगामी दिनका लागि एक उदाहरणीय अर्थमन्त्रीका रूपमा चिनाउने र आफनो सरकार चिनाउने एक अवसरका रूपमा यस वर्षको बजेट केन्द्रित गर्न हार्दिक आह्वान गर्छौं ।

आज कोरोना भाइरसका कारण किसान, उद्योगी ब्यवसायी र आमसर्वसाधारणको दैनिकी अस्तब्यस्त बनेको छ । बजारमा खाद्यान्न सामग्रीलगायत दैनिक अत्यावश्यकीय वस्तुको कालोबजारी बढेको र कृत्रिम अभाव देखाउन थालिएको छ । अझ स्वास्थ क्षेत्रअन्तर्गतका निजी फार्मेसी र ज्वरो नाप्ने प्रतिष्ठत उद्योगीले नै कालोबजारी गरेका समाचार बारम्बार प्रकाशन भइरहेका छन् । यसतर्फ पनि सरकारका तर्फबाट कडाभन्दा कडा निर्देशन जारी भई जरिवानाको ब्यवस्था हुन जरुरी देखिएको छ ।

सरकार एउटा खम्बा हो र खम्बालाई दर्बिलो, मजबुत बनाउने जिम्मा जनताको हो । आज कैयौं जनता आफैंले सिर्जना गरेका साना तथा मध्यम घरेलु उद्योग, कम्पनी, फर्म र संस्थाहरू बन्द प्रायः भएका छन् । त्यस्ता संगठित एवं असंगठित क्षेत्रमा रोजगारी गरेर आफ्नो दैनिकी गुजारा गरिरहेका मानिसहरूको रोजीरोटी बन्द भएको छ, जसले गर्दा उनीहरू र उनका परिवारको पालनपोषणमा गम्भीर समस्या उत्पन्न भएको सम्बन्धित निकायहरूलाई सर्वविदितै छ । यस्तो अवस्थामा जनताको गाँसको र स्वास्थ्यको उचित प्रबन्ध गरिदिन र दैनिक रोजीरोटीको सिर्जना गराई उनीहरूको दैनिकीमा आइपर्ने समस्याको उचित समाधान खोज्न आगामी बजेट केन्द्रित होस् । नेपाली जनता रोजगारीका नाममा भारतलगायत अन्य विदेशी भूमिमा आफ्नो पसिना बगाइरहेका थिए, तर आजको विषम परिस्थितिबाट नेपाल सरकारले केही पाठ लिन जरुरी देखिएको छ, जो-कसैलाई अरबको खाडीमा, अर्काको देशमा र त्यो टन्टलापुर घाममा आफ्नो परिवारबाट टाढा रही रोजगारी गर्न कसैलाई पनि मन छैन । मानिसहरूको आ-आफ्नो बाध्यता र विवशताले गर्दा बिदेसिनु आजको आवश्यकता नै बनिरहेको देखिन्छ ।

# कोरोना महामारी र यसको रोकथाम

**नारायण ढुङ्गाना**

गागा (दार्चुला) । दार्चुला जिल्लाको व्यास गाउँपालिका-१ स्थित त्रिदेशीय नाकाकारूपमा रहेको सामरिक महत्वको छाङ्रु (गागा) मा सरकारले सशस्त्र प्रहरीको गुल्म नै राख्ने तयारी थालेको छ । बुधबार सशस्त्र प्रहरीको सीमा निगरानी चौकी (बिओपी) स्थापना गरिएको यहाँ १६० सशस्त्र प्रहरी रहने गरी गुल्म नै स्थापना गर्न आवश्यक प्रक्रिया शुरु गरिएको छ । बिहीबार मात्रै सशस्त्र प्रहरीको इन्जीनियरको टोली सो क्षेत्रको नापनक्सा गरेर फर्किएको छ । लकडाउनलगत्तै भवन निर्माणका लागि बोलपत्र आह्वान हुनेछ । गुल्ममा सशस्त्र प्रहरी नायब उपरीक्षकको नेतृत्वमा १६० जनाको टोली रहने छ ।

उक्त गुल्मले कालापानी, लिपुलेक, व्यास गुफा, कैलाश मानसरोवरको प्रवेशद्वार तथा अपिनाम्पा संरक्षण क्षेत्रजस्ता सामरिक महत्व बोकेको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रको सुरक्षा गर्नेछ । सकेसम्म छिटो गुल्म स्थापना गर्ने तयारी गरिएको र यसबाट सीमा रक्षा, आपराधिक क्रियाकलाप नियन्त्रण तथा सर्वसाधारणको शान्ति सुरक्षामा महत्वपूर्ण कदम हुने दार्चुलाका प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले जानकारी दिनुभयो ।

गुल्मका लागि अपिनम्पा संरक्षित क्षेत्रको मातहतमा रहेको कित्ता नं ३५ को ११५ रोपनी तीन आना जग्गामध्ये तिङ्कर नदीको किनारको १५ रोपनी जग्गा सशस्त्र प्रहरीलाई प्राप्त भइसकेको छ । गृह मन्त्रालयबाट बहुवर्षीय योजनाअनुरुप संरचना निर्माणका लागि रु ११ करोड रकम विनियोजन गरिसकिएको छ । लकडाउनलगत्तै बोलपत्र आह्वान गरेर भवन निर्माणको काम थालिने गृहमन्त्रीका सुरक्षा सल्लाहकार प्रा डा इन्द्रजीत राईले राससलाई जानकारी दिनुभयो ।

सशस्त्र प्रहरीका इन्जीनियर प्रहरी नायब उपरीक्षक मिलनमान मास्केसहितको टोलीले गुल्मका लागि प्राप्त जग्गाको बिहीबार स्थलगत रूपमा पुगेर आवश्यक नापजाँच गरेको छ । सुरक्षाका दृष्टिले यहाँको सामरिक महत्व रहेकाले सरकारले उक्त क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ । अन्य क्षेत्रमा सुरक्षाफौज तैनाथ गर्ने योजना रहे पनि पहिलो प्राथमिकतामा यहाँको गुल्म छ । भवन आधुनिक प्रविधियुक्त र यहाँको वातावरण सुहाउँदो बन्नेछ । बाह्रैमहिना चिसो हुने र जाडोको समयमा अत्यधिक हिउँ पर्ने भएकाले त्यस अनुकूलको संरचना निर्माण गरिने छ । ३२ कोठे दुईतले भवन 'सी' आकारको बन्नेछ । ग्यास हिटिङसहितको भवन निर्माण गरिने छ ।

सन् १९६२ मा भारत-चीनसँगको द्वन्द्वका बेला यहाँको कालापानीलगायत क्षेत्रमा भारतले सेना प्रवेश गराएको थियो । त्यो बेला राखिएको सेना अझै कालापानीमा छ । दार्चुलाका प्रजिअ पौडेलका अनुसार पहिले त्यस आसपास क्षेत्रमा नेपालको पाँच इलाका थियो । तिङकर र छाङ्रु नेपालमा छ । नेपालको तिकु र गुञ्जी भारतीय नियन्त्रणमा छ । भारतले काली नाघेर कालापानी तल भएर बग्ने अर्को नदीलाई कालीको नाम दिई सीमा नदी बनाएर विवाद निकाल्दै आएको छ ।

त्यसैले पनि सरकारले यहाँ गुल्मको सोच राखेर त्यस आसपासका सीमा क्षेत्रमा बिओपी स्थापना गर्ने योजना अघि सारेको हो । सशस्त्र प्रहरीको नं ५० गुल्मका प्रमुख प्रहरी नायब उपरीक्षक डम्बरबहादुर विष्टले गुल्म बसेपछि सो क्षेत्रको सुरक्षा मजबुत हुने बताउनुभयो ।

भारतले महाकाली नदी किनारकिनारै सडक बनाएर गुञ्जी, कालापानी, हुँदै लिपुभञ्जाङ पुऱ्याएको छ । तर नेपालतर्फ कुनै प्रयास छैन । यस्तो अवस्थामा यहाँ सीमा रक्षाका लागि सुरक्षाकर्मी परिचालन गरीएको छ । "राज्यको उपस्थिति अहिलेका लागि ठूलो हो, सीमा क्षेत्रमा सशस्त्र मात्रै होइन, प्रहरीका दुई समूहसमेत पुऱ्याएकाले आपराधिक गतिविधि नियन्त्रण, जनताको सुरक्षा र सीमा रक्षाका लागि दूरगामी र ऐतिहासिक कदम भएको छ", प्रजिअ पौडेलले भन्नुभयो । गुल्मका लागि भवन नबन्दासम्म भने मासिक रु २५ हजार भाडा तिर्ने गरी यहाँ सशस्त्रको बिओपी बसेको छ । त्यसको पश्चिमपट्टि १५ रोपनी जग्गामा भवन बन्ने छ ।

गत मङ्सिर २३ गते यहाँलगायत मुलुकका विभिन्न सीमा क्षेत्रमा ११४ बिओपी स्थापना गर्ने निर्णय सरकारले गरेको थियो । यो सहति १४ स्थानमा मात्रै बिओपी स्थापना भएको छ । अन्यत्र हुनसकेको छैन । यहाँको बिओपी राख्ने निर्णय दार्चुला प्रशासनले विसं २०७५ मै गरेको थियो । सोही क्षेत्र हुँदै चीनको मानसरोवर जोड्नका लागि सन् २००८ देखि नै यहाँ भारतले सडक निर्माण गरेकामा अहिले उक्त सडक उद्घाटन भएपछि सीमा विवाद चुलिएको थियो । सरकारले त्यसलगत्तै यही वैशाख ३१ गते छाङ्रुमा सुरक्षाकर्मी पुऱ्याएको छ । नेपाली सेनाको हेलिकोप्टरले तीन दिन लगाएर आज बिहान यहाँ नेपाल प्रहरी र सशस्त्र प्रहरीसहित बन्दोबस्तीको सामान पुऱ्याएको छ । हेलिकोप्टरले आठ ट्रिप गरेको र सो क्रममा १९ हजार किलो सामान लगिएको जनाइएको छ ।

यहाँ २१ नेपाल प्रहरी पनि पुऱ्याइएको छ । त्यसमध्ये १२ तिङ्करमा र बाँकी छाङ्रुको नीतिकुण्ड (सीतापुल सीमानजिक) राखिने दार्चुलाका प्रहरी नायब उपरीक्षक पदमबहादुर विष्टले जानकारी दिनुभयो । यहाँको व्यास गाउँपालिका-१ छाङ्रुमा ११५ घरधुरी छ । १० किलोमिटर पर रहेको तिङ्करमा ६८ घरधुरी छ । यहाँ दुवै क्षेत्रमा गरेर एक हजार २२० जनसङ्ख्या रहेका छन् । यहाँबाट माथि कालापानी झण्डै १५ किलोमिटरको दूरीमा पर्छ । तिङ्कर १० किलोमिटरमा पर्छ । तिङ्करबाट लिपुलेक अन्दाजी १० किलोमिटरको दूरीमा रहेको स्थानीय जीतबहादुर बोहराले बताउनुभयो ।

दार्चुलाबाट उत्तरपूर्वमा पर्ने छाङ्रुबाट लिपुलेक अन्दाजी २५ किलोमिटरको दूरीमा रहेको बताइन्छकस् । बाटो नभएकाले हिँडेर जान सकिने अवस्था छैन । सशस्त्र प्रहरी आएपछि भने यहाँका स्थानीयमा छुट्टै खुशी छाएको छ । सरकारले शुक्रबारको नीति तथा कार्यक्रममा भारतले मिचेको जग्गा समेटेर नक्सा बनाउने घोषणा गरेको छ । भारतीय एसएसबी फोर्स र सेनाले सीमा क्षेत्रमा नियमित गस्ती गरिरहेका बेला नेपाली सुरक्षा फौज आउनु महत्वपूर्ण भएको स्थानीयवासीको भनाइ छ । अहिलेको अवस्थामा यहाँ सबैभन्दा ठूलो टेलिफोन समस्या छ । त्योसँगै सडकको पनि समस्या छ । सरकारले यहाँ भएर तिङ्कर जाने ८७ किलोमिटर सडक नेपाली सेनालाई बनाउन जिम्मा दिने निर्णय गरेकाले केही आशा पलाएको छ ।

अन्य क्षेत्रमा थपिँदै लगिने

सरकारले गत मङ्सिर २३ गते यहाँ बिओपी राख्ने निर्णय गरेको थियो । तत्कालीन अवस्थामा सीमा क्षेत्रमा सशस्त्र प्रहरीको १०७ बिओपी थियो । मङ्सिरमा सरकारले ११४ ठाउँमा बिओपी स्थापना गर्ने निर्णय गरेको थियो । त्यसपछि यो सहित जम्मा १३ स्थानमा मात्रै बिओपी स्थापना भएको सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता प्रहरी नायब महानिरीक्षक प्रवीणकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार सरकारी निर्णयपछि भारतको सीमा क्षेत्रमा १२ र एउटा सङङ्खुवा सभाको किमाथाङ्कामा राखि सकिएको छ । तत्कालीन समयमा उत्तरी नाकामा सात र बाँकी दक्षिणी सिमानामा बिओपी राख्ने निर्णय भएको थियो ।

अब हुम्लाको हिल्सा, मुस्ताङको कोरला, ताप्लेजुङको ओलाङचुङगोला तथा रसुवा र सिन्धुपाल्चोकको सीमा क्षेत्रमा क्रमशः बिओपी राख्ने तयारी यसअघि नै गरिएको थियो । तर कार्यान्वयन हुनसकेको थिएन । अहिले भने भारतले सीमा अतिक्रमण गरेपछि मात्रै तत्कालै छाङ्रुमा सशस्त्रको टोली पठाइएको हो । हाल कायम रहेको १२० स्थानमा सशस्त्रको सीमा निगरानी चौकी रहेको छ । एउटा चौकीमा ३५ सशस्त्र प्रहरी रहेका छन् । एक सुरक्षा चौकीको दूरी झण्डै १७ किलोमिटरको रहेको छ ।

यसलाई दूरी घटाउनुपर्ने आवश्यकता छ । भारतमा ५३० स्थानमा बिओपी रहेकाले सरकारले त्यही हाराहारीमा नेपाली सीमा क्षेत्रमा पनि सुरक्षा चौकी स्थापना गर्ने तयारी गरिरहेको छ ।

रासस

### नेपालको........

तथा कार्यक्रममा पनि सो विषय उल्लेख थियो । नेपाल कम्युनिष्ट पार्टीको सचिवालय बैठकले समेत यस क्षेत्र समेटेर नक्सा सार्वजनिक गर्न निर्देश गरेको थियो ।

### बागमती......

बोलाउने सम्बन्धमा मुख्यमन्त्री पौडेलले प्रदेससभा भवनको निरीक्षण गर्नुभएको थियो । पौडेलले सुरक्षित तबरले बैठक सञ्चालन गर्न र भौतिक दूरी कायम गरेर बैठक सञ्चालन गर्ने विषयमा सभामुख सानुकुमार श्रेष्ठसँग कुराकानी भएको थियो ।

### राजनीतिक......

एम्बुलेन्स चालक, शव व्यवस्थापन कार्यमा संलग्न स्वयंसेवक तथा सञ्चारकर्मीहरुप्रति आयोगले विशेष धन्यवाद ज्ञापन गरेको छ ।

त्यस्तै हिउँदमा मजदुरीका लागि भारत छिरेका बैतडीको सुर्नया गाउँपालिका( ३ का राजेन्द्रप्रसाद भट्ट र तारा भट्ट कोरोना भाइरसको त्रास बढेपछि घर फर्कन सीमावर्ती क्षेत्र झुलाघाट आए ।

उनीहरु सीमामा आउँदा नेपाल प्रवेश नाका बन्द भइसकेको थियो । त्यसपछि दुवै जना झुलाघाटस्थित जिआइसी क्वारेन्टाइनमा बसे । स्वदेशको साँधमै अड्किएका दुवै जनाले घरमा फोन गरी पिर नमान्नु भन्दै जानकारी गराएका थिए । घर फर्कने आशामा बसेका दुवै जना अचानक बुबा बितेको खबर पाएपछि बेहोसझैं बने ।

बुबाको अन्तिम संस्कारमा जान उनीहरु हारगुहार गरेका थिए । तर, नेपाल प्रवेश गर्न सहज नहुँदा प्रवासको शिविरमै दुबै जना सेतो कपडामा किरियामा बसेका छन् । बुबाको दाहसंस्कारमा त उपस्थित हुन पाएनन् नै नेपाल प्रवेशको अनुमति नपाएपछि क्वारेन्टाइनमै किरिया बसेका छन् । भट्टद्वयका बुबा देवदत्त भट्टको गत वैशाख ३१ गते स्वर्गारोहण भएको थियो ।

यस्तै पुर्चौडी नगरपालिका( ७ का ठगी साउदकी आमा भुरी साउदको पनि यही जेठ १ मृत्यु भएको भए पनि नाका सिल हुँदा उनी झुलाघाटमै किरिया गरिरहेका छन् । यसका साथै सिगास गाउँपालिका( ९ का कृष्णसिंह धाँमीकी श्रीमती कलावती धाँमी गत वैशाख ३० गते बितेकी भए पनि कृष्णले पनि स्वदेश फर्कन पाएका छैनन् । स्वदेश फिर्ताका लागि सम्बन्धित सबैलाई आग्रह गरेका उनीहरुले झुलाघाटस्थित जिआइसी क्वारेन्टाइनमा किरिया गरिरहेका भारतीय पत्रकार प्रमोदकुमार भट्टले जानकारी दिनुभयो ।

यता बैतडीका प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले उनीहरुलाई नेपालकोतर्फबाट आफूहरु स्वदेश भित्र्याउन तयार रहेको बताउनुभएको छ । "नेपाल सरकारबाट किरियापुत्रीको उद्धारका लागि आदेश आएको भए पनि भारतीय पक्षले ढिलाइ गरिरहेको छ" उहाँले भन्नुभयो, "हामीले पिथौरागढको डिएम साबलाई चार दिन अगाडि नै पत्र काटिसकेका छौँ, भारतीय पक्ष सहमत हुँदा नाका खोली उनीहरुलाई स्वदेश भित्र्याउँछौँ ।" यसअघि लकडाउनकै बेला वैशाख १० गते पनि बैतडीका तीन किरियापुत्रीको झुलाघाट नाकाबाट उद्धार गरिएको थियो ।

### युवतीमा......

खाना कार्यक्रमका अतिरिक्त चार हजार ७२५ मजदुर तथा विपन्न परिवारलाई राहत बाडेको नगरपालिकाले जनाएको छ ।

यता भक्तपुरको मध्यपुरथिमि नगरपालिका वडा नं ४ शङ्खधर चोकस्थित कोरोना सङ्क्रमित भेटिएपछि सिल गरिएको बस्तीको १२ घरका २५ जनाको स्वाब सङ्कलन गरिएको छ । सुनसरीबाट मोटर साइकलमा पास बनाएर गत वैशाख २९ गते भक्तपुर आएर मध्यपुरथिमि शङ्खधर चोकस्थित भाडामा बस्ने एक नर्स साथीको कोठामा बसेकी २५ वर्षीया महिलालाई कोरोना सङ्क्रमण भएको पुष्टि भएपछि नर्स बसेको घर र आसपासका अन्य घरमा बस्नेको आज स्वाब सङ्कलन गरिएको हो । महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सविन प्रधान, नेपाली सेनाको बीरुदल गण सूर्यविनायकका गणपति कर्णेल शिव पौडेल, सशस्त्र प्रहरी दुवाको गणका प्रहरी उपरीक्षक विश्व भट्टराईसहितको संयुक्त सुरक्षा फौजको नेतृत्वमा भक्तपुर अस्पतालको चिकित्सकसहितको प्राविधिक टोली र आरएनए १६ ग्रुपका दुई सदस्यसहितको टोलीले स्वाब सङ्कलन गर्नुभएको हो । बीरदल गणका कर्णेल शिव पौडेलले नर्स बसेको घरमा बस्ने सबै १४ जनाको र बस्तीका ११ घरको ११ जनाको गरी २५ जनाको स्वाब सङ्कलन गरी लगिएको जानकारी दिनुभयो । सुनसरीको रामधुनी नगरपालिका झुम्का स्थायी घर भई भक्तपुरको सल्लाघारीमा बसी ललितपुरको आरोग्य फाउण्डेसनमा कार्यरत महिलाको गत ३० गते टेकुस्थित राष्टिूय जनस्वास्थ्य प्रयोगशालामा स्वाब सङ्कलन गरी पिसिआर परीक्षणमा कोरोना सङ्क्रमित पाइएपछि २९ गते बास बसेको थिमिस्थित नर्सको कोठा र आसपासका क्षेत्रमा ३१ गते सिल गरिएको थियो । महिला अहिले टेकु अस्पतालको आइसोलेशनमा उपचारमा हुनुहुन्छ ।

सङ्क्रमित महिलासँगै बसेकी शहीद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्रमा कार्यरत नर्सको भने पिसिआर रिपोर्ट नेगेटिभ आएको छ भने उहाँलाई भक्तपुर अस्पतालको क्वारेन्टाइनमा राखिएको छ । थिमिको यो बस्तीमा १२ घरमा सिलबन्दी गरेर बाहिरका मानिस भित्र जान नदिने र भित्रका मानिसलाई बाहिर आउन नदिएको र यो बस्तीबाहेक शङ्खधर चोकबाट दक्षिण बाराही जाने मुख्य सडक, अरनिको राजमार्गको थिमि चोकको सर्भिस ट्र्याक र अन्य आसपास क्षेत्रका अन्य साना सडकमा पनि स्थानीयवासीले बास तेर्स्याएर प्रवेश निषेध टाँसेर आवतजावतमा रोक लगाएका छन् । स्वाब सङ्कलनमा आउनुभएका मध्यपुरथिमि नगर पालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठले मध्यपुरथिमि क्षेत्रमा कोरोना सङ्क्रमित पाइएपछि यहाँको सबै बस्तीलाई सुरक्षित राख्न बस्तीमा नयाँ मान्छेलाई प्रवेश गर्नदेखि हिँडडुल गर्न पनि रोक लगाइएको बताउनुभयो ।

# अर्थतन्त्र उकास्न तीनखुट्टे रणनीति

दीपकराज जोशी

कोरोना महामारीले स्वास्थ्य सम्बन्धी समस्यासँगै जनजीविका र सामाजिक(आर्थिक पक्षमा ठूलो चुनौती थपिदिएको छ । संक्रमण रोकथाम र सामाजिक(आर्थिक पुनरुत्थान लगायतलाई एकसाथ व्यवस्थित र सम्बोधित गर्न सकिएन भने महामारीपछिको अवस्था झनै डरलाग्दो हुनेछ ।

महामारीको यथाशक्य रोकथाम र नियन्त्रणका लागि सम्बद्ध सरकारी संयन्त्र, स्वास्थ्य क्षेत्र, स्थानीय सरकार र सुरक्षा निकाय अग्रपंक्तिमा लडिरहेका छन । त्यसबाहेकको राजनीतिक, सरकारी एवं कर्मचारीतन्त्र, व्यावसायिक क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र लगायतको सिंगो समुदाय यस संकटलाई अवसरमा बदल्ने प्रयासमा लाग्नु आवश्यक छ ।

हरेक संकटपछि पुनरुत्थान भएको अवस्था (न्यु नर्मलपछिको नेक्स्ट नर्मलको अवस्था) मा सामाजिक( आर्थिक वृद्धि पहिलेभन्दा बढी नै उकासिने गर्छ । जसरी शक्ति कहिल्यै नाश हुँदैन र एउटाबाट अर्कोमा ट्रान्सफर मात्रै हुन्छ, त्यसरी नै व्यवसाय, समृद्धि, अर्थतन्त्र लगायत पनि निमिट्यान्न हुँदैनन ।

उत्पादन, बजार र अर्थतन्त्र पनि कुनै अर्को देश, समुदाय वा वर्गमा ट्रान्सफर हुन्छन । यस्तो संकटका बेला धेरै अर्थतन्त्र खस्किँदै गरेको शक्तिलाई तान्ने अभ्यासमा दह्रो ढंगले प्रयासरत रहन्छन्, नयाँ अवसरको खोजी गर्दै ।

यस्ता अवस्थाले सृजना गर्ने अवसर हामीले पटकपटक गुमाएका छौं । जहिले पनि दैनिक जीविकोपार्जनका ससाना माग राख्नमा मात्रै सारा शक्ति केन्द्रित गर्ने गरेका छौं । यसपल्ट पनि त्यही भइरहेको छ । सदाझैं समुदायले सरकारबाट खाद्यान्न र रोजगारी मागिरहेको छ, राजनीतिक नेतृत्व निर्वाचन क्षेत्रमुखी गतिविधिमै सीमित छ, व्यावसायिक क्षेत्र कर छुटरभाडा छुटरब्याज र ऋण सहुलियतजस्ता मागमै व्यस्त छ, कर्मचारी र कामदार वर्ग पारिश्रमिक र ज्यालाकै माग गरिरहेका छन । हुन त राहत प्याकेज चाहिन्छ नै, तर सानो कार्यदलले समन्वय गरी व्यवस्थापन वा सहजीकरण गर्न सक्ने यस्ता काममा समग्र देश लाग्नु हुन्न । सारा देश यत्तिमै सीमित भए ठूला अवसरको खोजी कहिले गर्ने ? त्यसैले अहिले परम्परागत मागहरूमा मात्रै रुमलिइरहनुभन्दा नयाँ अवसरको खोजीमा बढी ध्यान दिनु जरुरी छ । नयाँ पहल गर्दा मात्रै परिणाम पनि नयाँ हासिल हुन सक्छ ।

बृहत्तर आर्थिक विकासका लागि बन्दाबन्दीको अवस्थामा पनि हामी सक्रिय रहनु अत्यावश्यक छ । वर्तमान अवस्थामा देशमा पुँजीको कमी रहेको हुँदा निम्न तीनखुट्टे रणनीति बनाई अघि बढ्नु उपयुक्त हुनेछ( १) समृद्धिका लागि वैदेशिक लगानी, २) संरक्षणका लागि योगदानमा आधारित अर्थव्यवस्था, र ३) सबलीकरणका लागि उत्पादन र उत्पादकत्वमुखी कार्यक्रम ।

लगानी प्रवर्द्धन

ठूलो लगानी र धेरै रोजगार सृजना गर्ने परियोजनाबिना देशले छिटो विकास गर्न सक्दैन । मलेसियालाई विकसित बनाउने मोहम्मद महाथिरको मोडल यस सन्दर्भमा सफल उदाहरण मानिन्छ । लगानीका लागि पुँजी चाहिन्छ जुन वैदेशिक लगानीकर्ताबाट भित्र्याउन सकिन्छ । संकटपछि लगानीकर्ताले जहिले पनि नयाँ गन्तव्य हेरिरहेका हुन्छन ।

अहिले पनि हाम्रै वरिपरिका चीन, भारत, बंगलादेश, म्यानमार, भियतनाममा रहेका थुप्रै अमेरिकी, युरोपेली, जापानी लगानीकर्ताहरूले विकल्प खोजेका हुन सक्छन । खास गरी वर्तमानमा देखिएको राजनीतिक र कूटनीतिक कारण, कोरोना भाइरससँग जोडिएको मनोगत धारणा, मुलुकभित्रैको उत्पादन क्षमतामा आउन सक्ने कमी, आवश्यक जनशक्तिको अभावजस्ता पक्षले यो सम्भावना बढाएका छन । ठूलै मात्रामा वैदेशिक लगानी रहेको चीन संसारकै ठूलो आपूर्तिकर्ता हो । संसारको कुल निर्माण सामग्री उत्पादनको २० प्रतिशत हिस्सा चीनको मात्रै छ ।

नयाँ परिवेशमा यो अवस्था खलबल्याउने प्रयास हुने देखिन्छ । यस बेला त्यस्ता कम्पनीहरू आकर्षित गर्न नयाँ पहल गर्न सकिन्छ । आर्थिक वृद्धिको तीव्र गतिमा हिँडिरहेको बंगलादेशमा लगानी गरेकाहरूमा पनि यस्तो सोच आउन सक्छ । हामीले करिब १५र१६ वर्षअघि गुमाएको गार्मेन्ट व्यवसाय फेरि फर्काउन सकिन्छ । नेपालमा लगानीकर्ता आकर्षित हुन सक्ने अर्को कारण युवा जनशक्ति हो । लाखौंको संख्यामा विदेसिएको नेपालकै जनशक्ति फर्किरहेको छ । भारतका उत्तरप्रदेश, बिहार, झारखण्ड, पश्चिम बंगालजस्ता प्रदेशको जनशक्ति र बजार पनि ठूलो छ । भर्खरै उत्तरप्रदेशका मुख्यमन्त्रीले चीनमा लगानी गरेका फेडेक्स, युपीएस, सिस्को, एडोब, हनिबेलजस्ता कम्पनी आफूकहाँ आए थुप्रै सुविधा दिने प्रस्ताव राखेका छन । हामीले पनि आफ्नै लगानीकर्तालाई प्रोत्साहनसहित वैदेशिक लगानी आकर्षण, प्रवर्द्धन र संरक्षण गर्न ढिलो गर्नु हुँदैन । ठूलो पुँजी लिएर आउने, धेरै राजस्व तिर्ने, छिटो पूर्वाधार निर्माण गर्ने र उल्लेख्य रोजगारी सृजना गर्ने खालको लगानी भित्र्याउन हदैसम्म उदार हुनुपर्छ ।

योगदानमा आधारित अर्थव्यवस्था

आर्थिक वर्ष २०७७(७८ लाई दिने वर्षका रूपमा योगदानमा आधारित अर्थव्यवस्थाको एक प्रणालीका रूपले अघि बढाऔं । हामी कामदारले रोजगारदातासँग, रोजगारदाताले सरकारसँग र सरकारले बाह्य दाताहरूसँग सहयोगका लागि अनुरोध गर्नमै बढी केन्द्रित छौं । तर अहिले कसैले कसैलाई सहयोग गर्न सक्ने अवस्था छैन । आफ्नो घर सुरक्षित छ भने मात्र मैले छिमेकीको घरमा लागेको आगो निभाउन सहयोग गर्न सक्छु । व्यावसायिक प्रतिष्ठानहरूका सन्दर्भमा पनि यही कुरा लागू हुन्छ ।

व्यावसायिक क्षेत्रमा क्रेडिट नोटको अवधारणाबमोजिम यस्तो अभ्यास चल्न सक्छ । त्यसैले सबैले आ(आफ्नो ठाउँबाट जति दिन सकिन्छ दिने प्रणाली विकास गर्नुपर्छ । जस्तै( कुनै कामदारले मासिक बीस हजार पारिश्रमिक पाउँथ्यो भने पाँच हजार राज्यले, पाँच हजार रोजगारदाताले र बाँकी १० हजार कामदारका तर्फबाट हुने योगदानका हिसाबले सम्झौता गरेर एक वर्ष काम गर्न सक्ने वातावरण बनाउन सकिन्छ ।

त्यसै गरी कुनै कम्पनीले एक वर्षमा गर्ने आयमा दिने करमा केही छुट वा अन्य उपाय खोजी गर्न सकिन्छ । राज्य, लगानीकर्ता, कामदार सबैले संकटको अवस्थाबाट जीविका र व्यवसाय बचाइराख्न आफ्नातर्फबाट जति सकिन्छ योगदान गर्ने वातावरण बनाऔं । यसले हामीलाई बचाएर संकटपछिको अवस्थामा पुनरुत्थानका लागि बलियोसँग जुट्न सक्षम पनि बनाइराख्नेछ । यसरी गरिने योगदानलाई हालको लगानीका रूपमा पनि चित्रित गर्न सकिन्छ र त्यसपछिका वर्षहरू प्रतिफल पाउन थाल्ने वर्ष भैहाल्नेछन ।

उत्पादन र उत्पादकत्वमुखी प्राथमिकता

राज्यले साना तथा मझौला व्यापारीका लागि पनि व्यवसाय र लगानीमैत्री वातावरण बनाउन उत्तिकै ध्यान दिनुपर्ने हुन्छ, दिगो विकासका लागि ।

व्यवसाय गर्ने सानाठूला सबै उद्यम र उद्यमी राज्यको नेटवर्कमा हुनैपर्छ तर उनीहरूप्रतिको व्यवहार कर असुली र राजस्वमुखी मात्रै नभई उत्पादन र उत्पादकत्व अभिवृद्धिमुखी हुँदा समग्रमा देशले बढी लाभ पाउँछ । हरेक संकटपछि आउने अवसरलाई नवीन र सृजनशील प्रयासहरूबाट प्राप्त गर्न सकिन्छ । यसका लागि राज्य र स्थापित व्यावसायिक प्रतिष्ठानहरूबाट हाल प्रचलनमा रहेका नवीन र सृजनशील सोचसहितका उद्यमहरू जन्माउन स्टार्टअप वा सिडक्याम्पमार्फत युवाहरूमा हाल रहेको जागिरमुखी मानसिकताबाट निकालेर पेसागत विशेषज्ञता बढाउने र उद्यमी बनाउने खालका कार्यक्रम ल्याउनुपर्ने हुन्छ । नेपालका सन्दर्भमा पूर्वाधार, पर्यटन, कृषि र जडीबुटी र मसला, खानपिन, वातावरण, स्वास्थ्य, सीप र प्रविधिजस्ता क्षेत्रमा नयाँ व्यवसायको ठूलो सम्भावना रहेको सन्दर्भमा व्यवसाय फस्टाउने रणनीतिका साथ यथाशीघ्र काम गर्नुपर्ने हुन्छ ।

राजनीतिज्ञ, सरकार, कर्मचारी, व्यवसायी र सञ्चारकर्मी सबै राज्यका प्रमुख खेलाडी हुन । देशको सफलता वा असफलता उनीहरूकै गतिविधि र नियतमा भर पर्छ । आज नेपालमा व्यवसायीमा मात्रै हैन, बाँकी सबै खेलाडीमा पनि अर्थतन्त्र र उद्यमशीलताको ज्ञान हुनु उत्तिकै जरुरी छ । समृद्धि त्यति बेला आउँछ, जब सबै तह र तप्कामा उदार अर्थतन्त्रको बुझाइ र उत्तरदायी उद्यमशीलताको सोचाइ बढ्छ । यसका लागि परम्परागत माग र सम्बोधन गर्ने शैलीभन्दा नयाँ पहल थाल्ने परिपाटीलाई प्रोत्साहित र प्रवर्द्धित गर्दा देश समृद्ध र देशवासी सुखी हुनेछन ।

जोशी नेपाल पर्यटन बोर्डका पूर्वकार्यकारी प्रमुख हुन । कान्तिपुरबाट

## छ महिनादेखि सञ्चारविहीन दार्चुलाको त्रिदेशीय सीमा

- नरेन्द्रसिंह कार्की

दार्चुला । दार्चुलाको त्रिदेशीय सीमा क्षेत्र व्यास गाउँपालिकाको छाङ्गरु र तिङ्करमा छ महिनादेखि सञ्चार अवरुद्ध भएको छ । गत मङ्सिरमा व्यासका स्थानीयवासी खलङ्गा झरेसँगै त्रिदेशीय सीमा क्षेत्र सञ्चारविहीन भएको हो । छाङ्गरुमा नेपाल टेलिकमको स्काई टावर स्थापना गरिएको भए पनि अत्यधिक हिमपातका कारण गत मङ्सिरदेखि अवरुद्ध भएको नेपाल टेलिकम दार्चुलाले जनाएको छ । "हिमपातले छाङ्गरुमा राखिएको स्काई फोन सेवाको टावरमा राखिएको सोलार र अन्य उपकरणमा क्षति पुगेको हुनसक्छ", टेलिकम दार्चुलाका प्रमुख कृष्णबहादुर गुरुङले भन्नुभयो । बढी हिमपातले हरेक वर्ष टावरमा क्षति पुऱ्याउँदै आएको छ । गत वर्ष हेलिकप्टरमार्फत टेलिकमका कर्मचारी गएर टावर निर्माण गरेको तर यो वर्ष छाङ्गरु पुगेर टेलिफोन टावर सञ्चालन गर्न बाटो अवरुद्ध हुँदा सम्भव नभएको टेलिकम प्रमुख गुरुङको भनाइ छ । "व्यासमा गत वर्ष सोलारमा ठूलो क्षति पुगेको थियो, अहिले के के क्षति भएको छ भन्ने यकिन जानकारी छैन", उहाँले भन्नुभयो, "यो क्षेत्रमा बढी हिमपात हुने हुँदा सोलार प्रणाली र रेडियो उपकरणमा क्षति पुग्ने गरेको छ ।" उहाँका अनुसार स्काइ फोन सेवा पुनः सञ्चालन गर्न बन्दाबन्दीका कारण सामान ल्याउनै समस्या छ । "जिल्ला ल्याए पनि व्याससम्म पुग्न सकिने अवस्था अहिले छैन", उहाँले भन्नुभयो । बाटोघाटो नै नभएको अवस्थामा तत्काल नै सेवा सञ्चालन गर्ने अवस्था नरहेको टेलिकम दार्चुलाले जनाएको छ । व्यासका स्थानीयवासी पनि गाउँ जान पाएका छैनन् । अहिले छाङ्गरु र तिङ्करमा नेपाल प्रहरी र सशस्त्र प्रहरी पुगेका छन् । व्यासमा रहेको स्काई टावरले छाङ्गरु र भारतका अधिकांश बस्तीमा कभरेज पुऱ्याउँदै आएको थियो । भारतका गुञ्जी, छायालेक, कुटीका बासिन्दा र भारतीय सुरक्षाकर्मीले अधिकांश समय नेपालकै फोन सेवा प्रयोग गर्दै आएका छन् । अहिले व्यासमा रहेको फोन सेवा सञ्चालन नहुँदा सुरक्षाकर्मीलाई समेत सञ्चारमा समस्या भएको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरी गत वैशाख ३१ गते छाङ्गरु र तिङ्कर उक्लिएदेखि फोनमार्फत सम्पर्क हुन नसकेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी नायब उपरीक्षक पदमबहादुर विष्टले बताउनुभयो । "सशस्त्र र नेपाल प्रहरीको भिएचएफ सञ्चार सेटमार्फ सम्पर्क हुने गरेको छ" उहाँले भन्नुभयो, "मोबाइलको टावर बिग्रिएका कारण फोनमार्फत सम्पर्क छैन ।"उनीहरूले माथिबाटै सञ्चारसम्पर्कमा आउनुपर्ने बाध्यता छ । खोँचमा रहेको छाङ्गरुमा टावर हुँदा विगतमा पनि तिङ्करले फोन गर्न समस्या झेल्दै आएको थियो । अहिले झन छाङ्गरुमा पनि फोन बनाउन पहल हुन नसक्दा गएका सुरक्षाकर्मीले पनि समस्या झेलेका छन् । छाङ्गरुका स्थानीय सुधा बोहराले फोन सेवा नहुँदा सम्पर्कविहीन भएको बताउनुभयो । गत वैशाख ३१ गते सेनाको हेलिकप्टरमार्फत गाउँ पग्नुभएका बोहराले गाउँ गएदेखि कहीँ फोन सम्पर्क गर्न पाउनुभएको छैन । उहाँले गाउँ जानुअघि स्काई र नमस्ते सीम लगेको बताउँदै भन्नुभयो, "सीम लगियो, टावर छैन । टावर बन्यो भने सम्पर्क गर्न चाहिन्छ भनेर सीम लगेको हुँ ।" उता भारतले व्यास क्षेत्रमा टेलिफोन टावर राखेको छैन । भारतीय नागरिक पनि नेपालकै टेलिकमको सेवा प्रयोग गर्दै आएका थिए । दार्चुलाकै व्यास गाउँपालिका-१ छाङ्गरुमा स्काई, वडा नम्बर २ को राप्लामा नमस्ते, दुहुँ र व्यासकोशीमा क्षेत्र कौचुलामा स्काई नमस्ते टावर सञ्चालनमा ल्याइएको छ । छाङ्गरुमा नमस्तेको त्रि जी फोन सेवा राख्न सर्भे भए पनि बन्दाबन्दीका कारण काम शुरु गर्न नसकिएको टेलिकमले जनाएको छ । नौ वटा स्थानीय तहका २४ ठाउँमा टेलिकमका टावर निर्माण र तीन ठाउँमा सर्वेक्षण गरेर सेवा प्रवाह गरेको नेपाल टेलिकम दार्चुलाले जनाएको छ । टेलिकमको पहुँच जिल्लाभरि पुऱ्याउने उद्देश्यले हरेक स्थानीय तहमा टावर निर्माण गरी सेवा प्रवाह भइरहेको टेलिकमले जनाएको छ ।

टेलिकम दार्चुलाका अनुसार महाकाली नगरपालिकाभित्र छ वटा, शैल्यशिख नगरपालिकामा चार, मालिकार्जुन गाउँपालिका क्षेत्रमा पाँच, दुहुँ, नौगाड र व्यास गाउँपालिकामा दुई/दुई, अपिहिमाल, मार्मा र लेकममा एक/एक वटा टावर निर्माण भएर सञ्चार सेवाको पहुँच पुगेको टेलिकम प्रमुख गुरुङले जानकारी दिनुभयो । चालु आर्थिक वर्षभित्र व्यासको छाङ्गरु, दुहुँ र अपिहिमाल गाउँपालिकामा टेलिकमको टावर थप्ने गरी सर्भेको काम भएको गुरुङले जानकारी दिनुभयो । "बन्दाबन्दीका कारण यी क्षेत्रमा काम शुरु हुन सकेको छैन", उहाँले भन्नुभयो, "बन्दाबन्दी खुल्ने बित्तिकै यी क्षेत्रमा काम शुरु हुने छ ।" टेलिकमले व्यास गाउँपालिका-१ छाङ्गरु, दुहुँ गाउँपालिका-१ ब्रह्मलेक तथा अपिहिमाल गाउँपालिका-३ पाथामा सर्भे काम भइसकेको जनाएको छ ।

**जलदेवी सामुदायिक वनको आकर्षण**




***जिप लाइन***

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं ।**

***आकर्षणहरु***

**१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,**
**२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने**
**३. पार्कमा पिकनिकको व्यवस्था भएको,**
**४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट ।**

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# २४ बैंकको नाफा अर्बभन्दा बढी

भुवन पौडेल

चालू आर्थिक वर्ष (२०७६/७७) को तेस्रो त्रैमास अर्थात चैत मसान्तसम्ममा एक अर्बभन्दा धेरै नाफा गर्ने बैंकको संख्या २४ पुगेको छ । गत आर्थिक वर्षको चैतसम्ममा अर्बभन्दा धेरै नाफा गर्ने बैंकहरुको संख्या २६ रहेको थियो ।

तर, गत आर्थिक वर्ष चैतसम्मको तुलनामा २ अर्बभन्दा धेरै नाफा गर्ने बैंकको संख्या भने थपिएको छ । गत आर्थिक वर्षको सोही अवधिमा २ अर्ब नाफा गर्ने वाणिज्य बैंकको संख्या ६ थियो । त्यो संख्या बढेर चालू आवको तेस्रो त्रैमासमा ७ पुगेको छ । गत आर्थिक वर्षको तेस्रो त्रैमासमा २ अर्ब रुपैयाँभन्दा धेरै नाफा गरेको नेपाल बैंक चालू आवको चैतसम्मको नाफामा यो समूहबाट बाहिरिएको छ । तर, गत आर्थिक वर्षको चैतसम्ममा एक अर्बको नाफामा चित्त बुझाएका प्राइम कमर्सियल बैंक र ग्लोबल आइएमई बैंक चालू आवको तेस्रो त्रैमासमा २ अर्बभन्दा धेरै नाफा गर्ने समूहमा परेका हुन् ।

गत आर्थिक वर्षको चैत र चालू आर्थिक वर्षको तेस्रो त्रैमाससम्म ३ अर्बभन्दा धेरै नाफा गर्नेमा सरकारी लगानी भएको राष्ट्रिय वाणिज्य बैंक र निजी क्षेत्रको नबिल बैंक नै दोहोरिएका छन् । चालू आर्थिक वर्षको तेस्रो त्रैमासको अन्तिम महिनामा विश्वभरी फैलिएको कोभिड भाइरसका कारण नेपालमा पनि लकडाउनको अवस्था रह्यो । गत चैत ११ देखि सुरु भएको लकडाउन जेठ ५ गतेसम्म कायम रहेको छ । अगामी दिनमा पनि लकडाउन



कतिसम्म जाने हो भन्नेमा अनिश्चित रहेको छ । लकडाउनका कारण सम्पूर्ण अर्थतन्त्र नै ठप्प रहेको अवस्था छ । बैंकहरूले त्रैमासको अन्तिम महिनामा असुलीलाई जोड दिने गर्छन् । तर, यो आर्थिक वर्षको चैत महिनामा बैंकहरूले त्यसो गर्न नसकेको देखियो ।

नेपाल राष्ट्र बैंकले पनि कर्जाको ब्याजदरमा सहुलियत दिने तथा कर्जा तिर्ने समय अवधिमा सन्दर्भमा खुकुलो नीति लिएपछि बैंकहरूलाइ झनै चुनौतिपूर्ण अवस्था रह्यो । तर, पनि बैंकहरूले कर्जा असुलीलाई बढाउन सकिन्छ कि भनेर केही छुटका योजनाहरू पनि ल्याएको अवस्था छ । तर, पनि ऋणीले सरकार तथा राष्ट्र बैंकको निर्णयलाइ शिरोपर गर्दै कर्जा भुक्तानीको लागि समय पर्खिए । त्यसले गर्दा पनि बैंकहरूको नाफा वृद्धिदरमा असर गरेको एक बैंकरले बताए । यसै कारणले पनि चालू आर्थिक वर्षको चैतसम्ममा १२ वाणिज्य बैंकको नाफा गत आर्थिक वर्षको तुलनामा घटेको छ । नाफा बढाएका बैंकहरूको पनि सामान्यमात्र वृद्धि रहेको अवस्था छ ।

चालू आर्थिक वर्षको तेस्रो त्रैमासमा २७ बैंकहरूको नाफा ०.९२ प्रतिशतले घटेको छ । चालू आर्थिक वर्षको तेस्रो त्रैमासमा कोरोनाका कारणले गर्दा अर्थतन्त्र ठप्प भएपछि बैंकहरूको नाफा घटेको हो । चालू आवको तेस्रो त्रैमाससम्ममा बैंकहरूले ४५ अर्ब २४ करोड ७४ लाख रुपैयाँ खुद नाफा गरेका छन् । यो नाफा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब एक प्रतिशतले धेरै हो । गत आर्थिक वर्षको सोही अवधिमा बैंकहरूले ४५ अर्ब ६६ करोड ९२ लाख रुपैयाँ खुद नाफा गरेका थिए । यो अवधिमा बैंकहरूको कर्जा तथा ब्याज असुलीमा कमी आउनु तथा खर्च वढेका कारण नाफामा गिरावट आएको बैंकरहरूले बताएका छन् ।

बैंकहरूको यो नाफा आगामी दिनहरूमा अझै घट्ने देखिन्छ । कोरोनाका कारण बैंकहरूले गर्ने व्यवसाय ठप्प भएको छ भने ब्याजदरसमेत घटाउनु पर्ने दबाब बढ्दै गएको छ । गत चैतपछि मात्र बैंकहरूले करिब एक प्रतिशत ब्याजदर घटाइसकेको अवस्था छ । जेठ महिनादेखि बैंकहरूले कर्जाको पनि ब्याज घटाउने निर्णय गरिसकेका छन् । चालू आर्थिक वर्षको तेस्रो त्रैमासमा १२ वाणिज्य बैंकको नाफा घटेको छ भने १५ बैंकको नाफा बढेको छ । नाफा बढाएका बैंकहरूले पनि न्यून मात्रामा वृद्धि गरेका छन् । चालू आर्थिक वर्षको तेस्रो त्रैमासमा सबैभन्दा धेरै नाफा गरेको नबिल बैंकको नाफासमेत गत आर्थिक वर्षको सोही अवधिको तुलनामा घटेको छ ।

चालू आवको चैतसम्ममा ३ अर्ब १५ करोड रुपैयाँ खुद नाफा गरेको छ । बैंकले गत आवको सोही अवधिमा ३ अर्ब १९ करोड रुपैयाँ खुद नाफा गरेको थियो । त्यसैगरी सरकारी लगानी रहेको राष्ट्रिय वाणिज्य बैंकको पनि करिब ४६ करोडले घटेर ३ अर्ब ३ करोडमा झरेको छ । चालू आवको चैतसम्ममा सबैभन्दा थोरै सिभिल बैंकले ३६ करोड ५ लाख रुपैयाँ मात्र खुद नाफा गरेको छ ।

# मुक्तिनाथ विकास बैंकको सहयोग

सरकारले लागू गरेको देशव्यापी लकडाउनका कारण प्रभावित विपन्न, दैनिक ज्यालादारीमा काम गर्ने तथा आर्थिक अवस्था कमजोर भएका परिवारलाई मुक्तिनाथ विकास बैंकले विभिन्न स्थानमा राहत वितरण गरेको छ ।

बैंकको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत देशका विभिन्न स्थानमा राहत सामग्री वितरण गरेको हो । बैंकको शाखा कार्यालय घोराहीले घोराही उप-महानगरपालिकाको फुड बैंकमा खाद्यान्न सहयोग गरेको छ ।

उक्त खाद्यान्न सामग्री बैंकको घोराही शाखाका शाखा प्रमुख युवराज भण्डारीले घोराहीउप-महानगरपालिका वडा नं १५ का वडा सदस्यतथा बैंक तथावित्तिय संस्थागत समन्वय संयोजक सनतकुमार श्रेष्ठलाई हस्तान्तरण गरेका थिए ।

यसैगरी, बैंकले धनगढी उप-महानगरपालिका ४ मा पनि राहत सामग्री सहयोग गरेको छ । सहयोग सामग्री बैंकका धनगढी शाखाका प्रमुख उमेश जोशीले धनगढी उप-महानगरपालिका ४ का प्रमुख पदमराज सापकोटा र सुन्दर सुदूरपश्चिम यातायात प्रा.लि का प्रमुख दिपक थापालाई हस्तान्तरण गरेका थिए । बैंकले नार्गाजुन ४, काठमाडौंको शक्तिकुमारी टोल सुधारलाई राहत सामग्री सहयोग गरेको छ । सहयोग सामग्री बैंकका सीतापाइला शाखाका शाखा प्रमुख विजय उप्रेतीले शक्ति कुमारी टोल सुधारका अध्यक्ष गोपाल श्रेष्ठलाई हस्तान्तरण गरेको बैंकका प्रमुख सूचना अधिकारी तिलबहादुर गुरुङले बताए ।

# सेन्चुरी बैंकको नाफा ४९.९६ ५ ले वृद्धि

चालू आर्थिक वर्षको चैत मसान्तसम्ममा सेन्चुरी बैंकको नाफा ४९.९६ प्रतिशतले बढेर ९१ करोड ५७ लाख ७९ हजार रूपैयाँ पुगेको छ ।

CENTURY BANK

गत आर्थिक वर्षको सोही अवधिमा बैंकको नाफा ६१ करोड ६ लाख ७१ हजार रूपैयाँ रहेको छ । यो अवधिमा बैंकको वितरणयोग्य नाफा १३ करोड ४१ लाख १५ हजार रूपैयाँ मात्रै रहेको छ । बैंकले प्रकाशित गरेको वित्तीय विवरणमा बैंकको खुद ब्याज आम्दानी १ अर्ब ९७ करोड १७ लाख २१ हजार रूपैयाँबाट बढेर २ अर्ब २५ करोड १५ लाख ८५ हजार रूपैयाँ रहेको छ । यस्तै सञ्चालन मुनाफा पनि ८७ करोड ३३ लाख ७१ हजार रूपैयाँबाट बढेर १ अर्ब २६ करोड ९२ लाख २८ हजार रूपैयाँ रहेको छ । ८ अर्ब ४१ करोड ५४ लाख ७२ हजार रूपैयाँ चुक्ता पुँजी रहेको बैंकको जगेडा कोषमा १ अर्ब ७९ करोड ९१ लाख १९ हजार रूपैयाँ रहेको छ । ५८ अर्ब ७७ करोड ४५ लाख ८१ हजार रूपैयाँ निक्षेप संकलन गरेको बैंकले ५८ अर्ब १० करोड ९५ लाख ६० हजार रूपैयाँ कर्जा लगानी गरेको छ । बैंकको खराब कर्जा १.५३ प्रतिशतबाट बढेर २.१९ प्रतिशत पुगेको छ । १४ रूपैयाँ ५१ पैसा प्रतिसेयर आम्दानी रहेको बैंकको प्रतिसेयर नेटवर्थ १२९ रूपैयाँ ७२ पैसा रहेको छ ।

# सञ्चारकर्मीलाई प्रभु बैंकको सहयोग

प्रभु बैंकका सीईओ अशोक शेरचनले लकडाउनमा अग्रपंक्तिमा रहेर समाचार संकलनमा खटिएका बागलुङका पत्रकारहरूलाई प्रेस ज्याकेट, मास्क

prabhu bank

तथा सेनिटाइजर वितरण गरेका छन् । ती सामग्री आइतबार नेपाल पत्रकार महासंघ बागलुङ शाखाको संयोजनमा पत्रकारलाई हस्तान्तरण गरिएका छन् । शेरचनले पत्रकार महासंघ बागलुङ अंकित प्रेस ज्याकेट ५० थान, १५ लिटर सेनिटाइजर र ३ सय थान मास्क सहयोग गरेका हुन् । कोरोनाले आक्रान्त बनाएको र मानव सभ्यतालाई नै संकट परेका बेला साथ सहयोगको हातेमालो गर्नुपर्ने शेरचनको भनाइ छ । उनले पत्रकार महासंघको भवनमा सुविधासम्पन्न सूचना केन्द निर्माणमा सघाउने वचनसमेत दिएका छन् । शेरचनले दैवी प्रकोप र संकटका बेला आर्थिक तथा भौतिक सहयोग गर्दै आएका छन् । यसअघि शेरचनले गृहजिल्ला बागलुङका १० वटा स्थानीय तह र स्वास्थ्य संस्था तथा अस्पताललाई पीपीई, थर्मल गन, सेनिटाइजर, मास्क तथा ग्लोब्सलगायत स्वास्थ्य सामग्री सहयोग गरेका थिए ।

# हिमालयन बैंकको नाफा १५.४ प्रतिशतले वृद्धि

चालू आर्थिक वर्षको चैत मसान्तसम्ममा हिमालयन बैंकको नाफा १५.०४ प्रतिशतले बढेर २ अर्ब ३१ करोड १७ लाख १३ हजार रूपैयाँ पुगेको छ ।

गत आर्थिक वर्षको सोही अवधिमा बैंकको नाफा २ अर्ब १ करोड ४० लाख ७६ हजार रूपैयाँ रहेको छ । यो अवधिमा बैंकको वितरणयोग्य नाफा ८२ करोड ८७ लाख ६३ हजार रूपैयाँ रहेको छ । बैंकले प्रकाशित गरेको वित्तीय विवरण अनुसार खुद ब्याज आम्दानी ३ अर्ब ७५ करोड ३४ लाख ३५ हजार रूपैयाँबाट बढेर ३ अर्ब ८४ करोड २४ लाख ६४ हजार रूपैयाँ रहेको छ । यस्तै सञ्चालन मुनाफा २ अर्ब ८६ करोड ५४ लाख ७५ हजारबाट बढेर

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(A Joint Venture with Habib Bank Limited - Pakistan)

३ अर्ब ८ करोड ६४ लाख २६ हजार रूपैयाँ रहेको छ । ९ अर्ब ३७ करोड २२ लाख ८१ हजार रूपैयाँ चुक्ता पुँजी रहेको बैंकको जगेडा कोषमा ६ अर्ब ७८ करोड ९० लाख ५६ हजार रूपैयाँ रहेको छ । १ खर्ब १६ अर्ब ३२ करोड ४४ लाख ८३ हजार रूपैयाँ निक्षेप संकलन गरेको बैंकले १ खर्ब ८ अर्ब ८२ करोड १० लाख ३२ हजार रूपैयाँ कर्जा लगानी गरेको छ । बैंकको खराब कर्जा १.३१ प्रतिशतबाट घटेर १.११ प्रतिशत झरेको छ । ३२ रूपैयाँ ९६ पैसा प्रतिसेयर आम्दानी रहेको बैंकको प्रतिसेयर नेटवर्थ १८४ रूपैयाँ ५० पैसा रहेको छ ।

# बैकिङ्ग संसार

## नेपाल बैंकको नाफा घट्यो

नेपाल बैंकले चालू आर्थिक वर्षको तेस्रो त्रैमासको अपरिस्कृत वित्तीय विवरण सार्वजनिक गरेको छ । बैंकले सार्वजनिक गरेको तेस्रो त्रैमासको वित्तीय विवरणअनुसार चैत समसान्तमा गत आर्थिक वर्षको सोही अवधिको भन्दा मुनाफा घटेको छ । गत आर्थिक वर्षको तेस्रो त्रैमासमा दुई अर्ब २४ करोड ५५ लाख ७७ हजार मुनाफा कमाएको बैंकले चालू आर्थिक वर्षको सोही अवधिमा एक अर्ब ९९ करोड ६५ लाख ८३ हजार खुद मुनाफा आर्जन गरेको छ । उक्त अवधिमा बैंकको वितरणयोग्य मुनाफा भने ६ करोड १९ लाख ८३ हजारले ऋणात्मक छ । राष्ट्र बैंकले गत चैतमा कोरोना भाइरसले प्रभावित व्यावसायिक क्षेत्रका लागि सहुलियत घोषणा गर्दै चैत

नेपाल बैंक लिमिटेड
काठमाडौं
नेपाल बैंक लिमिटेड
(स्थापित वि.सं. १९९४)
नेपालको पहिलो बैंक

मसान्तमा किस्ता तिर्नेलाई ब्याजमा १० प्रतिशत छुट र चैतमा तिर्न नसक्नेलाई असारमा मसान्तमा तिर्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ । राष्ट्र बैंकको उक्त निर्देशनले चैत मसान्तमा ४० प्रतिशत पनि ब्याज असुल हुन नसकेको बैंकहरूले बताएका थिए । नेपाल राष्ट्र बैंकले लागु गरेको एनएफआरएस अनुसार वित्तीय विवरणमा बैंकहरूले असुल हुन बाँकी रहेको तर पाकेको ब्याजलाई पनि आम्दनीका रूपमा गणना गर्नुपर्ने हुन्छ । तर यसरी असुल हुन नसकेको ब्याजलाई नेपाल राष्ट्र बैंकले तोकेको रेगुलेटरी रिजर्भमा राख्नुपर्ने हुन्छ । जसले गर्दा नेपाल बैंकले पनि चैत समसान्त सम्ममा करिब दुई अर्ब नाफा कमाउँदा पनि बैंकको वितरणयोग्य मुनाफा भने ऋणात्मक बन्न पुगेको छ । बैंकले नउठेको ब्याज आम्दानीले पनि मुनाफामा देखाएका छ तर उक्त नउठेको ब्याज आम्दानीलाई नेपाल राष्ट्र बैंकले रेगुलेटरी रिजर्भमा राख्नुपर्ने वयवस्था गरेको छ । जसअनुसार बैंकले चैत मसान्तमा एक अर्ब ६५ करोडभन्दा बढी रकम रेगुलेटरी रिजर्भमा राखेको छ । त्यस्तै अन्य रिर्जभमा राख्ने बैंकको वितरणयोग्य मुनाफा ऋणात्मक बनेको छ ।

गत वर्षको तुलनामा ब्याज आम्दानीमा वृद्धि भए पनि बैंकको कोषको लागत बढ्दा ब्याज खर्च बढेको छ । जसले गर्दा खुद ब्याज आम्दानी भने घटेको छ । चैत मसान्तसम्म बैंकले चार अर्ब २१ करोड ८२ लाखभन्दा बढी खुद ब्याज आम्दानी गरेको छ । गत आर्थिक वर्षको सोही अवधिमा बैंकले चार अर्ब ७२ करोड ५३ लाख खुद ब्याज आम्दानी गरेको थियो ।

खुद ब्याज आम्दानीसँगै अन्य आम्दानीसमेत प्रभाव पर्दा बैंकको कुल सञ्चालन आम्दानी र खुद सञ्चालन आम्दानी पनि घटेको छ ।

कोरोनाको प्रभाव समग्र अर्थतन्त्रमा परेका कारण बैंकको आम्दानीमा वृद्धि हुँदा पनि सम्भावित जोखिमलाई मध्यनजर गर्दै इम्पेरिमेन्ट चार्ज ३३ करोड १९ लाख छुट्याएको छ । यद्यपि उक्त रकम गत आर्थिक वर्षको भन्दा कम हो । गत आवमा इम्पेरिमेन्ट चार्जका लागि ४२ करोड ५८ लाख छुट्याएको थियो ।

चैत मसान्तमा नौ अर्ब ८१ करोड ११ लाख ४८ हजार रूपैयाँ चुक्ता पुँजी रहेको बैंकको सेयर प्रिमियमा तीन अर्ब २६ करोड २८ लाख ११ हजार रूपैयाँ छ । यस्तै सञ्चित कोषमा एक अर्ब ८५ करोड २८ लाख ९५ हजार र जगेडा कोषमा १४ अर्ब १७ करोड ६२ लाख २८ हजार छ ।

चैत मसान्तसम्ममा बैंकले एक खर्ब २२ अर्ब ७० करोडभन्दा माथि निक्षेप संकलन गरेर एक खर्ब एक अर्ब ६८ करोड कर्जा लगानी गरेको छ । चैत मसान्तमा बैंकको निष्क्रिय कर्जा २.६४ प्रतिशत, कर्जा स्रोत परिचालन अनुपात (सीसीडी) ७३.६५ प्रतिशत, कोषको लागत ४.९१ प्रतिशत, आधार ब्याजदर ७.४९ प्रतिशत र ब्याजदर अन्तर ४.४९ प्रतिशत छ । बैंकको प्रतिसेयर आम्दानी २७ रूपैयाँ १३ पैसा, प्रतिसेयर नेटवर्थ २९६ रूपैयाँ ६३ पैसा र पुँजीकोष अनुपात १५.९० प्रतिशत छ ।

## एभरेस्ट बैंकका कर्मचारीको राहत सहयोग

एभरेस्ट बैंक कर्मचारीहरूले कोरोना भाइरस प्रभावित विपन्न परिवारलाई खाद्यान्न सहयोग गरेका छन् । बैंकका कर्मचारीले प्रदेश ५ स्थित बुटवल



उपमहानगरपालिका-४ मा करिब २५ रूपैयाँ हजार बराबरको खाद्यान्न सहयोग गरेका हुन् । सहयोग सामग्री वडाअध्यक्ष टंक पराजुलीलाई हस्तान्तरण गरिएको हो ।

बुटवल शाखाका प्रबन्धक निरञ्जन कार्कीका अनुसार बैंकको प्रदेश कार्यालय र बुटवल शाखाका कर्मचारीबाट सहयोग सामग्री संकलन गरिएको हो । बैंकले यसअघि संघीय सरकारको कोरोना कोषमा ६० लाख र सातै प्रदेश सरकारको कोरोना कोषमा ६-६ लाख रूपैयाँ सहयोग गरिसकेको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# जलस्रोतका दोस्रो धनि देश नेपाल



कृष्ण बहादुर बोगटी काका
चक्रबहिल-१२,ललितपुर, बालकुमारी
९८४३७८३६२९

नेपाला ससाना कुलो देखी धेरै ठूला ठूला नदी नाला पाखा पर्वत हिमाल पहाड तराई कोही छैन पराई भने जस्तो हाम्रा पुर्खाहरु भन्ने गर्दथे । नेपालको कुनैपनि कुनाकाप्चा मा जहाँ गएपनि नेपाली नेपाली सबै दजुभाई दिदी बहिनी भन्ने गदर्थे । नेपालको एउटा कुनाबाट अर्को कुना जाँदा पदेर्शी आउनुभयो भन्दै मिठो चोखो जे जस्तो हुन्छ जुटाई सम्मान गर्दथे । पाहुना भनेको देवता हुन भन्ने हिजोका हाम्रा पुर्खाहरुले भन्ने गर्दथे । देशको कुनैपनी कुनामा जाँदा पनी कसैको डर हुँदैन्थ्यो ।

मानिसलाई देवता मान्ने हामी नेपालीहरु अहिले कुनैपनि मानिस आयो भने चोर हो की ज्यानै मार्छ की भनी डराउनु पर्नेसमय आयो । एका अर्काप्रति कसैलाई विश्वास छैन आज कसले गर्दा हो जलस्रोतको धनी भएर पनि नेपाली जनताले एक घुटको पानीको लागी धेरै मुल्य चुकाउनु पर्ने देखिन्छ । आज जतातते का जनता काकाकुलले झैं आकाशको भर पर्नु बाहेक अरु कुनै उपाय छैन । जनता एक घुटको पानी नपाएको समयमा सरकार भने जनतासंग पानीको पैसा असुल्छ तर पानी दिदैन सडकमा शान्तिपुर्ण आन्दोलन गर्नेलाई हान्ने पानी मात्र गरिबको घरसम्म पुर्‍याई पैसा असुलेको भएपनि जनता खुशी हुन्थे पानी पनि नदीने पैसा पनी लिने अब दुखी गरिबले के गर्ने सरकारले जवाफ दिनु पर्छ । कस्तो विडम्बना पैसा तिरेर पानी पनी नपाउने कस्तो जलस्रोतको धनी देश नेपाल। विद्युत प्राधिकरणमा जसरी मन्त्री जनार्दन शर्मा र कुलमान घिसिङको आगमन भयो त्यस्तै खानेपानी संस्थानमा पनी इमान्दारी मन्त्री को सारै खाचो छ । आफ्नो नातागोता र कार्यकर्ता भन्दा प्यारो देश र जनता हुन भन्ने खालको इमानदारी व्यक्ति खानेपानीमा आवश्यक परेको छ । स्वच्छ छवि भएका व्यक्ति नेपालमा सारै कम छन जुनै मन्त्रीहरु आए पनी पार्टी र कार्यकर्ता बाहेक अर जनता त नेपाली नै हैन भन्नेहरु धेरैछन अबत अति भयो जनतलाई पानी आउँछ आउँछ भन्दै कति दिन ठग्ने अब जनता नै एकजुट भई खानेपानी नआउनुको मेलम्ची नआउनुको कारण खोज्नै पर्छ कहि दलाली संग कसैको साठगाँठ छ की ठेकदारसंग कमीसनको खेल मिलेनकी कारण अब जनताले नै पत्ता लगाउनु जरुरी भै सक्यो । जलस्रोतको धनी देशमा जन्मेर पनी काकाकुल हुन पर्‍यो । शान्ती सुरक्षा कतैपनि छैन बजार भाउ गरिब जनताले एकछाक पनी राम्रोसंग किनेर खान सक्ने अवस्था छैन । धनी रातारात धनी गरिब रातारात भोको भएको अवस्था छ अब कुनैपनी जनता राजनीतिको झोला नबोके बाच्न लाइ नै गारो नहोला भन्न सकिन्न कोही रातारात करोडपति हुने कोही खान नपाई रुने कस्तो नेता चुनीए छ भ्रष्टाचार गर्दिन भन्ने भ्रष्टलाई फस्न नदिने कस्तो राम्रो चरित्र भएका नेता मन्त्री भएपछि कुनैपनी माफियाले भ्रष्टाचारीले देशद्रोही ले चिन्ता गर्नुपर्ने छैन दुर्गा प्रसादले चेलीको इज्जत लियो मेडिकल माफिया पनी हो । तर उसलाई कसैले कार्वाही गर्ने आँट गरेको छैन । किनकी शक्तिशाली दुई नेतालाई नातामा बाधी राखेको छ । अब गरिब निमुखा जनता र नेपाल राष्टूलाई माया गर्ने नेताको सारै खाँचो छ हे नेपाली आमा अब देश प्रेमी नेताको जन्म दिई देश र जनताको रक्षा गर्नुपर्‍यो जय नेपाल आमा अरुपछि ।

# जलस्रोतका दोस्रो धनि देश नेपाल

**रमेश गिरी**

भक्तपुर । भक्तपुरको सानोठिमीमा बस्दै आउनुभएका सुवास ढकाल इपिएस प्रक्रियाबाट कोरिया गएको चारवर्ष १० महिना पुग्यो । प्रवेशाज्ञा (भिसा) सकिएर अहिले कोरियामा उहाँजस्ता सयौं मजदुर समस्यामा छन् । विश्वभर फैलिएको कोभिड-१९ को सङ्क्रमणले यतिखेर रोजगारी, अध्ययन र विभिन्न पेशा, व्यवसाय गर्न पुगेका कोरियादेखि खाडीमुलुकसम्मका नेपाली सरकारले कहिले नेपाल फर्काउला भन्ने आशामा छन् । काभ्रेमण्डन देउपुर घर भई लामो समय सानोठिमी क्याम्पसका विद्यार्थी नेतासमेत रहेका ढकाल यतिखेर कोरियामा अलपत्र परेका नेपालीको उद्धार गरिदिन सरकारलाई आग्रह गर्नुहुन्छ । भिसा सकिएका नेपाली घर फर्कन पाउने आशामा बसेका छन् । सरकारले यहाँका पीडित नेपालीको उद्धार गरिदेला भनेर दूतावास धाउँदा हैरान भइसकेको बताउनुहुन्छ । ढकालका अनुसार यहाँ खान बस्न मासिक पाँच लाख वन (रू ५० हजार) खर्च हुन्छ, वैधानिकरूपमा बसेका विदेशीले कोरिया सरकारलाई अनिवार्यरूपमा मासिक एक लाख १३ हजार वन (रू १२ हजार) तिर्नुपर्छ । कोरियाबाट ढकाल भन्नुहुन्छ, “नेपाल जाने अत्तोपत्तो छैन, दुतावासमा सोध्दा कर्मचारीले समाचार हेर्दै गर्नुस् भन्छन्, हामीले कमाएको पैसा कोरियामै सकिने भो, हामी हाम्रै खर्चमा फर्कन्छौं, सरकार बिन्ती छ, हामीलाई नेपाल फर्काइदेऊ ।” सरकारले उद्धार गरिदिए कोरियामा सक्ने पैसा नेपालमै खर्च गर्न तयार रहेको बताउँदै ढकाल भन्नुहुन्छ, “सरकारले भिसा सकेर विदेशी भूमिमा अलपत्र परेकालाई तत्काल उद्धार गरे पुग्छ, उद्धारमा लाग्ने विमान चार्टर खर्च, नेपाल आएपछि क्वारेन्टाइनमा बस्न लाग्ने खर्च, होटलमा क्वारेन्टाइन बनाएर राखे, त्यसको खर्च सबै हामी आफैं व्यहोर्छौं, सरकारलाई व्ययभार पार्दैनौं, विदेशमा कमाएको पैसा विदेशमै सक्नुभन्दा नेपालमै खर्च गरौंला, मात्रै सरकारले नेपालीलाई विमानस्थलमा ओर्लिने अनुमति दिए पुग्छ ।” अन्तर्राष्ट्रिय कानून अनुसार पनि नागरिक आफनो देश फर्कन पाउने नैसर्गिक अधिकार हो । कतारबाट नेपाल फर्कने आशामा बसेका सन्तोषी कार्की भन्नुहुन्छ, “नेपालबाट सबै देशले आफ्ना नागरिकको उद्धार गरेर लगिसक्यो, हाम्रो देशले फर्काउनु पर्दैन ? हाम्रो पीडा कहिले बुझ्छौ सरकार ?” अहिले अमेरिका, जापान, अस्ट्रेलिया, बेलायत, क्यानडा, मलेसिया, कतार, युएई, साउदी अरेबिया तथा अमेरिका, युरोप खाडी मुलुकमा रहेका लाखौं नेपाली देश फर्कन आतुर छन् ।

विगत ११ वर्षदेखि अमेरिकाको टेक्सस्मा छोराबुहारीको आग्रहमा तीन महिना अमेरिका घुम्न गएका काठमाडौं चाबहिलका ५२ वर्षीय विष्णुप्रसाद न्यौपाने दम्पत्ती अलपत्र हुनुहुन्छ । न्यौपाने भन्नुहुन्छ, “छोराबुहारीका करले अमेरिका घुम्न आइहालियो, अहिले यतै फस्यौं, म मुटुको रोगी, श्रीमतीलाई सुगरको समस्या छ, तीन महिना घुम्न आउँदा यतै मरिन्छ कि भन्ने डर भो, अब त छोराबुहारी पनि नेपाल फर्कन चाहन्छन्, तर कसरी घर पुग्ने खोई ?” विगत १७ वर्षदेखि बाल्टिमोरमा बस्दै आएका छोराबुहारीसँग विगत पाँचवर्षदेखि ६ महिना अमेरिका र ६ महिना नेपाल बस्दै आउनुभएका ५७ वर्षीय सुदर्शन बस्नेत दम्पत्ती यतिखेर छुट्टिएर बस्नुपरेको छ । छोराबुहारीको आग्रहमा अमेरिकाको नागरिकता लिएर हरेक वर्ष ६ महिना नेपाल र ६ महिना अमेरिका बस्ने बस्नेत अहिले उतै हुनुहुन्छ । श्रीमती सुभद्रा एक्लै अहिले सूर्यविनायकस्थित नयाँबस्तीको घरमा हुनुहुन्छ । नेपालमा एक आफन्तको छोरीको विवाहका लागि दुई महिनाअघि नेपाल आएकी सुभद्रा भन्नुहुन्छ, “अमेरिकाबाट नेपाल हामीसँगै आउने जाने गर्थ्यौं, विवाहमा आउनैपर्ने भएपछि म छिटो आएँ, कोरोनाले अकस्मात् लकडाउन हुँदा उहाँ अमेरिकामै पर्नुभयो, दुई छोरा बुहारी र श्रीमान् अमेरिकामा, म एक्लै यता, चिन्ताको डढेलोले सक्ला जस्तो भयो ।” उहाँ पनि अलपत्र नेपालीलाई फर्काउने व्यवस्था गरिदिन नेपाल सरकारलाई आग्रह गर्नुहुन्छ । अमेरिकामा कोरोना भाइरसको सङ्क्रमण दिनानुदिन बढ्दै जानु, दिनानुदिन बेरोजगार बढ्दै जानु र अमेरिकाले समेत विदेशीलाई आफ्नो देश फर्कन आह्वान गरिसकेकाले सरकारले तत्काल नेपाल फर्काउने व्यवस्था गर्नुपर्ने अमेरिकाको मेरिल्याण्डमा नर्सिङ पढ्दै गरेकी सुजाता पाण्डे बताउनुहुन्छ । पाण्डे विद्यार्थीलाई थप समस्या भएको बताउनुहुन्छ । एकातिर काम नपाउनु र अर्कोतर्फ पढाइ नहुनुको पीडाले गर्दा कोरोनाले भन्दा भोक र शोकले यतै मरियला भन्ने डर भएको गुनासो गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, “दिनदिनै आमाबुबा रूँदै फोन गर्नुहुन्छ, विदेशमा रहेका नेपालीले पठाएको रेमिट्यान्स भित्र्याउँदा मख्ख पर्ने सरकार यतिखेर विदेशमा आफ्ना नागरिक समस्यामा पर्दा किन बेवास्ता गर्छ ? सरकार हामीलाई हाम्रो देश आउन देऊ ।” सबभन्दा धेरै समस्या त भ्रमण भिसा र सेमिनारमा जानेहरूलाई परेको उनीहरू बताउँछन् । अमेरिकामा रहेका नेपालीले दूतावासमा दैनिक सम्पर्क गर्ने गरेका छन् । तर दूतावासले सरकारले निर्णय नगरेसम्म केही गर्न नसकिने जवाफ फर्काउने गरेको बताउँछन् । त्यहाँका नेपालीले गैरआवासीय नेपाली सङ्घसमेत गुहारेका छन् । सङ्घले दूतावासदेखि सरकारसमेतलाई दबाब दिइरहेको छ ।

यता लण्डनमा विगत १४ वर्षदेखि बस्दै आउनुभएका काठमाडौंको बानेश्वर, शान्तिनगरका शमशेर शर्माको परिवार नेपाल फर्कन आतुर छ । नेपालमा कम्प्युटर इन्जिनीयर र श्रीमतीको विद्युत् प्राधिकरणको जागिर छाडेर लण्डन पुगेका उनीहरू यतिखेर भने देश सम्झिरहेका छन् । विशेषगरी बेलायतमा अध्ययनका लागि जानेहरू अहिले जटिल समस्यामा परिरहेको बताउँदै शर्माले लामो समयदेखि बेलायमा बस्दै आएका नेपालीहरू आफ्नै खर्चमा पनि नेपाल फर्कन आतुर रहेको बताउनुहुन्छ । अष्ट्रेलियामा एक वर्ष अगाडि अध्ययनका लागि गएका भक्तपुरको सूर्यविनायक नगरपालिका-४ का सुसन अधिकारी अहिले धेरै नेपाली बिचल्लीमा परेको बताउनुहुन्छ । अष्ट्रेलियामा एनआरएनले केही सहयोग गरे पनि बाँच्न निकै कठिन भएको उहाँ बताउनुहुन्छ । अधिकारी भन्नुहुन्छ, “कलेज बन्द छ, काम छैन, कोठाभित्रै बसेर कसरी बाँच्नु, यहाँ आउँदा ऋणको भारी बाबुआमाले बोकिरहेका छन्, घरबाट पैसा पठाइदेऊ भन्ने अवस्था पनि छैन, यहाँको सरकारले पनि आफ्नो देश फर्किन भनिसकेको छ, सरकारले घर फर्कने व्यवस्था गरिदिए बाँचिन्थ्यो कि भन्ने आशा छ ।” खाडी मुलुकमा रहेका नेपालीको पीडा त्योभन्दा पनि बढी छ । “खाडी मुलुकबाट भित्रिएको रेमिट्यान्सले देश चलेको छ त्यसैले सरकार खाडी मुलुकमा फसेका नेपालीको उद्धार गर”, मलेसियमा तीन वर्षदेखि कार्यरत भक्तपुर सिपाडोलका हरिष मानन्धर भन्नुहुन्छ । कोरोना भाइरसका कारण सबै नेपाली बेरोजगार भएको बताउँदै उहाँ कैयौं नेपाली घर न घाटको भएर बस्नुपरेको बताउनुहुन्छ । खाने, बस्ने व्यवस्थासहितको रोजगारीमा आएका नेपालीहरू काम गर्ने कम्पनी बन्द भएपछि तलब पनि दिन छाडेको र कतिपय कम्पनीले खाने, बस्ने सुविधासमेत नदिएपछि बिचल्लीमा परेको बताउनुहुन्छ । केही नेपालीमा समेत कोरोनास सङ्क्रमण देखिएपछि त्रास बढेको छ भने खान र बस्न नपाएपछि धेरै मनोरोगीसमेत हुन पुगेका बताइन्छ ।

एक वर्ष अघि रोजगारीका लागि युएईमा जानुभएका काठमाडौं रामकोटका रविराज गिरी सरकारले कहिले घर फर्काउला भन्ने आशामा बसेको बताउनुहुन्छ । कोरोनाका कारण कम्पनी बन्द भएर तलब नदिएको र कम्पनीले नेपाल फर्किन भनेको बताउँदै धेरै नेपाली कामदारको बिचल्ली भएर सडकमा बास भएको बताउनुहुन्छ । बिरामी उहाँ नेपालबाटै औषधि मगाउने गरे पनि अहिले औषधि नआउँदा थप समस्यामा परेको बताउनुहुन्छ । सरकारलाई विदेशी भूमिमा रहेका नेपालीलाई भित्र्याएर सुरक्षित व्यवस्था गर्न चौतर्फी दबाब परेको छ । कोरोना महाव्याधीबाट प्रभावित विभिन्न देशमा अप्ठ्यारोमा परेका नेपालीलाई तत्काल सुरक्षितरूपमा स्वदेश फिर्ताको व्यवस्था गर्न प्रतिनिधिसभामा जरूरी सार्वजनिक महत्वको प्रस्तावसमेत पेश भएको छ । विभिन्न पार्टी र नेताले देश फर्कन चाहने नेपालीलाई सरकारले खर्च गर्न नसके उनीहरूकै खर्चमा ल्याएर क्वारेन्टाइनमा राख्ने व्यवस्था गर्ने गरी तत्काल त्यसको तयारीमा सरकार छिट्टै लाग्न मागसमेत गरेका छन् ।

सरकार भने यथास्थितिमा विदेशमा रहेका नेपालीलाई फर्काउने तयारीमा छैन । श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वरराय यादवले नेपालमा भारतबाट सिमापार गरेर आउनेबाटै कोरोना सङ्क्रमण बढ्दा सम्हाल्न नसक्ने अवस्था देखिएकाले यथास्थितिमा विदेशबाट तत्काल ल्याउन समस्या भएको बताउनुहुन्छ ।

“विदेशमा समस्यामा परेका नल्याउने त कुरै भएन, त्यस मामिलामा सरकार सकारात्मक छ, तर तपाईं आफैं हेर्नुहोस् न यथास्थितिमा तत्काल ल्याउन कति गाह्रो छ”, मन्त्री यादवले भन्नुभयो, “लाखौं नेपालीलाई एकैपटक ल्याउँदा क्वारेन्टाइनको तयारी, सबैको कोरोना परीक्षणका लागि पर्याप्त स्वास्थ्य सामग्री सबैको व्यवस्था सरकारले एकैपटक कसरी गर्ने ? यसबारेमा हामी छलफल गर्दैछौं ।” सरकारले जुन देशमा राम्रो अवस्था छ, उनीहरूलाई सकेसम्म अहिले सोही देशमा राख्ने र अन्यका लागि मापदण्ड बनाएर ल्याउनेबारेमा छलफल भइरहेको मन्त्री यादव बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “विदेशबाट फर्कन चाहने नेपालीका लागि निश्चित मापदण्ड बनाउने तयारीमा छौं, राम्रो हुनेहरूलाई अहिले उतै राख्ने र बेरोजगार, अलपत्र परेका कोरोनाबाहेक अन्य रोगका बिरामी, समस्यामा परेकालाई ल्याएर कसरी व्यवस्थापन गर्ने भन्नेबारेमा छलफल भइरहेको छ ।” रासस

# रामेछाप डायरी

## तामाकोशीमा बेपत्ता भएकी बालिकाको पाँच दिनपछि लास भेटियो


रामेछाप । रामेछापको सदरमुकाम मन्थलीस्थित तामाकोशीमा डुबेर बेपत्ता भएकी बालिकाको पाँच दिनपछि लास भेटिएको छ। जेठ १ गते विहिबार साथिहरुसंग पौडी खेल्ने क्रममा कोशीले बगाएर बेपत्ता भएकी बालिकाको



सोमबार साँझ ५ बजेर २० मिनेटमा आकाशे स्थित मंगलादेवी नजिकै लास भेटिएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रवक्ता टेकेन्द्र शर्मा पौडेलले जानकारी दिए। ओखलढुङगा घर भएकी १२ वर्षीय रोसिका तामाङ पौडी खेल्ने क्रममा तामाकोशीले बगाएर जेठ १ गते बिहिबार बेपत्ता भएकी थिईन् । बालिका बेपत्ता भएपछि नेपाल प्रहरी , सशस्त्र प्रहरी र स्थानीयहरुले लगातार खोजी गर्दा पनि उनलाई फेला पार्न सकिएको थिएन ।सोमबार स्थानीयले बालिकाको लास देखेपछि खबर गरेका थिए ।

## रामेछापमा ३ सय २४ न्यापिड टेष्ट

रामेछाप । रामेछाप जिल्लामा ३ सय २४ जनाको र्‍यापिड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ। २०७७ जेठ ५ गते सोमबारसम्म जिल्लाको विभिन्न पालिकामा महिला ६० जना र पुरुष २ सय ६४ जनाको र्‍यापिड डायग्नोस्टिक टेष्ट (आरडीटी) प्रविधिबाट कोभिड(१९ को परीक्षण गरिएको र सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय रामेछापका प्रमुख जितेन्द्र कुमार कर्णले जानकारी दिए। कर्णका अनुसार अहिलेसम्म मन्थली नगरपालिकामा ७८ जना , रामेछाप नगरपालिकामा ९५ जना , लिखुतामाकोशी गाउँपालिकामा ६ जना , सुनापति गाउँपालिकामा २१ जना



,दोरम्बा गाउँपालिकामा १५ जना , उमाकुण्ड गाउँपालिकामा १६ जना , गोकुलगंगा गाउँपालिकामा ४१ जना , खाँडादेवी गाउँपालिकामा ५० जना र जिल्ला अस्पतालमा २ जनाको र्‍यापिड परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ।

यस्तै जिल्लामा ४९ जनालाई क्वारेन्टिनमा राखिएको छ। सोमबारसम्म जिल्लाको उमाकुण्ड गाउँपाकिलामा भारत लगाएत विभिन्न देश तथा काठमाडौंबाट आएका २१ जना , मन्थली नगरपालिकामा १५ जना , गोकुलगंगा गाउँपालिकामा १० जना , खाँडादेवी गाउँपालिकामा ३ जनालाई क्वारेन्टिनमा राखिएको स्वास्थ्य कार्यालय रामेछापका प्रमुख कर्णले जानकारी दिए। कोरोना संक्रमणको सम्भावित जोखिमतालाई ध्यानमा राखी हालसम्म जिल्लामा ७१ शैयाको आइसोलेशन कक्ष र ३ सय ३१ शैयाको क्वारेन्टिन कक्ष स्थापना गरिएको छ। अहिले मन्थली नगरपालिकामा २२, रामेछाप नगरपालिकामा १७ , दोरम्बा गाउँपालिकामा ७ ,सुनापति गाउँपालिकामा ६ , खाँडादेवी गाउँपालिकामा ११ , गोकुलगंगा गाउँपालिकामा ५ र लिखुतामाकोशी गाउँपालिकामा ३ शैया आइसोलेशन कक्ष स्थापना गरिएको कर्णले जानकारी दिए। त्यसैगरी मन्थली नगरपालिकामा ३६, रामेछाप नगरपालिकामा ७० ,दोरम्बा गाउँपालिकामा १६ , खाँडादेवी गाउँपालिकामा ४७ , गोकुलगंगा गाउँपालिकामा ३४ , उमाकुण्ड गाउँपालिकामा ५३ र लिखुतामाकोशी गाउँपालिकामा ४९ र सुनापति गाउँपालिकामा २६ शैया क्वारेन्टिन स्थापना गरिएको कर्णले जानकारी दिए।

## मेग्रे खोलाले नर्शरी बगाएपछि किसान मारमा

रामेछाप। रामेछाप जिल्लाको दोरम्बा गाउँपालिका वडा नं १ डडुवा मेग्रे खोलामा बर्षा संगै आएको बाढिले स्थानीय कृषकरुले लगाएको नर्शरी बगाइदिएको छ। मेग्रेमा रहेको एभरग्रीन कृषि समुहमा आवद्ध कृषकहरुले लगाएको नर्शरीका बिरुवाहरुमा ठुलो क्षेति पुगेको छ। विक्रिका लागि ठिक्क तयार हुदै गरेका किवि , जुनार , सुन्तला ,मुन्तला , कागती , जापनिज नास्पति लगाएतका ३ हजार भन्दा बढि बिरुवाहरु खोलाले बगाएको छ। यसबाट करिब १५ लाख बढीको नोक्सान भएको नर्शरी व्यवसायी तारा बहादुर मोक्तानले जानकारी दिए। मेग्रेका कृषकहरुले व्यवसायीक फर्म दर्ता गरी २०७० सालदेखी निरन्तर रुपमा नर्शरी व्यवसाय संचालन गर्दै आएका छन्। उनीहरुको मुख्य आम्दामीको श्रोतनै नर्शरी हो। यहाँ उत्पादन भएको बिरुवाहरु रामेछाप जिल्ला लगाएत दोलखा , सिन्धुपाल्चोक ,ओखलढुंगा , सोलुखुम्बु लगाएतका हिमाली मध्यपहाडी र पहाडी जिल्लाका गाउँबस्तीमा पुग्ने गरेको छ। डडुवा मेग्रेका १५ घर परिवारनै नर्शरी व्यवसायबाट राम्रो आम्दामी गर्ने गरेका थिए। उनीहरले ६५ रोपनी भन्दा बढी जग्गामा गरेको नर्शरी व्यवसायबाट बार्षिक ७० लाख रुपैया भन्दा बढि आम्दामी गर्ने गरेका थिए। यसबर्ष मेग्रे खोलामा आएको बाढि नर्शरीमा पसेर क्षेती गर्दा ठुलो नोक्सानी भोग्नु परेको कृषक हरिबहादुर कार्कीले गुनासो गरे। उनले यसबार मा स्थानीय सरकारलाई जानकारी गराइ सकेको बताए। समयमै खोलाबाट आउने बाढी नियन्त्रणमा स्थानीय सरकार गम्भीर नबन्ने हो भने खोला नजिक रहेका बस्तीहरुनै बग्ने सम्भावना रहेको स्थानीयहरुको भनाई छ।

# बालकथा : मामु बुझ्नुहुन्न



विनय कसजू

'बाबु, होमवर्क सिध्यायौ ? '

'अघि नै सिध्याइसकेँ मामु !'

'त्यसो भए अब किताब पढ । गेम खेलेर नबस ।'

'खेलेको छैन मामु । बुवाको इमेल आएको छ कि चेक गर्दैछु ।'

मामु सधैं यस्तै भन्नुहुन्छ । मेरो जवाफ पनि यस्तै हुन्छ ।

तर आज मामु धेरै रिसाउनुभयो ।

स्कुलबाट आउने बित्तिकै मामुले मलाई खाजा दिनुहुन्थ्यो । तर, आज दिनु भएन । उहाँ टेलिभिजन हेरिरहनुभएको थियो ।

खाजा खान मामुले नबोलाएपछि म आफैं भान्छामा गएँ । टेबुलमाथि हेरेँ । टाँडमा पनि हेरेँ । खाजा देखिनँ । अनि भान्छाबाटै चिच्याएँ, 'खाजा कहाँ छ मामु ? '

मामुले सुन्नु भएन । टेलिभिजनको स्वर जोडले आइरहेको थियो । म बैठक कोठामा गएँ । मामु एक टक लगाएर टेलिभिजन हेरिरहनुभएको थियो । टेलिभिजनमा मानिसहरू लडिरेहेको दृश्य आइरहेको थियो ।

'मेरो खाजा कहाँ छ मामु ? ' मैले नजिकै गएर सोधेँ ।

मामुले पुलुक्क मलाई हेर्नुभयो । अनि भित्ताको घडीमा हेर्नुभयो । त्यसपछि उहाँका आँखा फेरि टेलिभिजनमै पुगे ।

टेलिभिजन हेर्दै उहाँले भन्नुभयो, 'आज मैले खाजा बनाउन भ्याइनँ । दिनभरि टेलिभिजनमा रमाइलो सिरियल आइरहेछ । दराजमा चाउचाउ छ । पकाउँदै गर । म आइहाल्छु ।'

मलाई झनक्क रिस उठ्यो । तर मेरो रिसको के अर्थ लाग्छ र ! म रिसाएर मामु डराउनु हुन्न । मैले नरिसाई भनेँ, 'मामु अस्ति अभिभावक भेलामा प्रिन्सिपलले अबदेखि चाउचाउ खाजा नबनाउनु भन्नुभएको कुरा बिर्सनुभयो । हाम्रो स्कुलको वरिपरि कसैले चाउचाउ बेच्न पनि पाउन्न ।'

'आज एक दिन खाऊ न छोरा । आज टेलिभिजनमा छोड्नै नमिल्ने सिरियल आएर हो । चाउचाउ नखाने भए पैसा लिएर जाऊ र नजिकैको रेस्टुराँमा जे मन लाग्छ खाएर आऊ । मलाई डिस्टर्ब नगर न है आज ।'

मामुले टेलिभिजन नछाड्ने निधो भएपछि म खुट्टा बजार्दै निस्केँ । भान्छामा गएँ । फ्रिज खोलेँ । फ्रिजमा बिहानको बाँकी भात र तरकारी रहेछ । त्यही तताएर खाएँ अनि आफ्नै कोठामा आएँ ।

ओछ्यानमा पल्टेर मोबाइल फोन खोलेँ र गेम खेल्न थालेँ । ड्वाङ ड्वाङ गोली हान्दै पाँचजनालाई ढलाइदिएँ ।

गोली चलेको आवाज मामुले सुन्नुभएछ कि उहाँ आउनुभयो र सोध्नुभयो, 'होमवर्क नगरी गेम खेल्न थाल्यौ ? कत्ति गेम खेलेको । किताब पढ ।'

टेलिभिजनको चर्को स्वर सुन्दै पढ्न र होमवर्क गर्न म सक्तिनँ भन्ने कुरा मामुले बिर्सनुभए जस्तो छ । मैले भनेँ, 'मामुले टेलिभिजन धेरै हेर्नुभयो भनेर भन्ने को छ र घरमा । आफूले जे गर्न पनि हुने ।'

मेरो कुरा सुनेर मामु साह्रै रिसाउनुभयो ।

'पख तेरो कुरा म बाबालाई सुनाउँछु नि । अनि भोलिदेखि मोबाइल फोन चलाउन बन्द !' भन्दै उहाँ बाहिर निस्कनुभयो ।

मामु आफ्नो कोठामा गएर ठूलो स्वरले ढोका लगाउनुभयो । भित्रबाट चुकुल लाएको सुनेँ ।

मलाई डर लाग्यो । मैले डाक्टरले भनेको कुरा सम्झेँ । मामुको ब्लड प्रेसर हाई छ । औषधि खाइराख्नुहुन्छ । ब्लड प्रेसर हाई भयो भने मुटुको रोग हुनसक्छ रे । डाक्टरले मामुलाई रिसाउन हुन्न भन्नुभएको छ ।

मैले धेरै समय फोनमा खेर फालेँ भनेर मामुले बाबासँग सिकायत गर्नुभयो भने म पनि मामुले टेलिभिजनमा भुलेको सिकायत गर्छु भन्ने कुरा मामुलाई थाहा छ । मलाई मामु रिसाएर ब्लड प्रेसर बढ्छ कि भन्ने मात्रै चिन्ता छ ।

मामुको कोठा भित्रबाट केही आवाज आएन । मामुलाई रिस उठ्यो भने मुख छोपेर सुत्नुहुन्छ ।

मैले फोन एकातिर राखेँ । होमवर्क गर्न खोजेँ । मन लागेन । पढ्न पनि सकिनँ । माथि सिलिङतिर हेर्दै कति बेला निदाएछु थाहा भएन ।

भान्छामा प्रेसर कुकर कराएको आवाजले म जागेँ । भान्छाबाट मीठोमीठो खाने कुरा पाक्दै गरेको वासना आइहेको थियो । मामु खाना पकाउन सिपालु हुनुहुन्छ । कस्तो मीठो मासुका परिकार, मम, पनिर पकौडा बनाउनुहुन्छ । सम्झँदा पनि मुखमा पानी आउन थाल्छ ।

खानाको वासनाले मेरो भोक जाग्यो । कहिले मामुले बोलाउनुहुन्छ होला भनेर पर्खिरहेँ । धेरै बेर भयो । भोक लागेको बेलामा एक मिनेट पनि एक घन्टाजस्तो लाग्ने रहेछ । मामुले नबोलाउनु भएपछि म आफैं भान्छामा गएँ र बिस्तारै सोधेँ, 'मामु, आज घरमा कसैलाई खाना खान बोलाउनुभएको छ हो ? '

'कसलाई बोलाउने ? कसैलाई बोलाएको छैन', मामुले अलि झर्किंदै भन्नुभयो ।

'अनि आज किन मीठोमीठो कुरा पकाउनुभएको नि ? ' मैले अचम्म मान्दै सोधेँ ।

'तिम्रो लागि पकाएको नि । आजको खाजाको सट्टा !'

मलाई विश्वास लागेन ।

'त्यसो भए मलाई किन खान नबोलाउनुभएको नि ? ' मैले सोधेँ ।

'मेरो मायाले जित्छ कि तिम्रो रिसले जित्छ भनेर जाँच्न खोजेकी नि !' भन्दै मामुले मलाई अँगालोमा कस्नुभयो ।

'मामुको मायाको अगाडि कसको के लाग्छ र !' मैले भनेँ । 'मामु एउटा कुरा भन्छु नरिसाउनुस् है ।'

'के कुरा हो ? भनिहाल न ।'

'आज मामुको रिसले लिमिट नाघ्यो । अलि थोरै रिसाएको भए पनि मामुले भनेको मानिहाल्थेँ नि ।'

आज, धेरै दिनपछि मैले मामुसँगै भान्छामै बसेर यति मीठो गरी मामुले पकाउनुभएको परिकार खाएँ । त्यति बेला टेलिभिजन चुपचाप थियो र मेरो हातमा मोबाइल फोन पनि थिएन ।

साँचल, सानेपा


## आयुर्वेदिक उपचारको पहिलो रोजाइ
## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

***हाम्रा सेवाहरु***

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

**लाइन्स चोक, नारायणगढ, चितवन**

सम्पर्क पैशा नलाग्ने टोल फि नं. १६६०५६५८०००

फोन न. ०५६ : ५७०४६८

फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।


## अन्तराष्ट्रिय समाचार

### भारतमा मे ३१ सम्म लकडाउन जारी रहने

भारतमा कोरोना भाइरस संक्रमण फैलिने क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी जारी रहेको लकडाउनको लम्बाएको छ । कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहने भारत सरकारले जानकारी दिएको छ । भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको हो । भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो । दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो । तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो । भारतले सरकारले गत मे ४ देखि लागू हुने गरी मे १७ सम्म थप दुइ साताको गरिएको तेस्रो चरणको लकडाउन हिजो समाप्त भएको थियो । प्रधान मन्त्री नरेन्द्र मोदी थप योजनासहित चौथो चरणको लकडाउन शुरु भएको बताउनु भएको छ । चौथो चरणको लकडाउन आगामी मे ३१ सम्म लागू हुने बताइएको छ ।

विगत केही दिनयता भारतभरि नै कोरोना भाइरसको संक्रमित को संख्यामा बृद्धि देखिएपछि चौथो चरणको लकडाउन गर्ने निर्णय गरिएको हो । भारतमा विगत केही दिनयता संक्रमणको बृद्धिदर उच्च देखिएको छ । यद्यपी अघिल्ला चरणका लकडाउनको तुलनामा चौथो चरण हालको लकडाउन केही खुकुलो गरिएको छ । गृह मन्त्रालयद्धारा आइतबार साँझ जारी नयाँ दिग्दर्शनअनुसार संक्रमणको जोखिम हरेर क्षेत्र अधिकार प्रदेश तथा केन्द्र शासित राज्यहरुले क्षेत्र निर्धारण गर्न पाउनेछन् । यसअघि केन्द्र सरकारले नै त्यस्ता क्षेत्र निर्धारण गरेको थियो । गत २४ घण्टामा भारतमा ५ हजार २४२ जना कोरोना भाइरस संक्रमित थपिएका छन् । यसैसँगै भारतमा सोमबारसम्म कोभिड-१९ संक्रमितको संख्या ९६ हजार १९६ जना पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

भारतमा आइतबार एकै दिनमा १५७ कोरोना भाइरस संक्रमितको मृत्यु भएको छ । त्यसपछि भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ३ हजार २९ जना पुगेको छ । यस संक्रमणबाट निको भएका बिरामीको संख्या ३६ हजार २९ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ । भारतमा सोमबार बिहानसम्मको तथ्याङ्कअनुसार हाल यो रोगका ५९ हजार ३४५ जना संक्रमितहरु अस्पतालमा उपचार गराइरहेका छन् ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यमा नागरिक संक्रमित भएका छन् । यहाँमात्र ३३ हजार ५३ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् । कोरोनाको संक्रमणबाट महाराष्ट्रमा १ हजार १९८ जनाको मृत्यु भएको छ । महाराष्ट्रपछि गुजरात दोस्रो स्थानमा रहेको छ । त्यहाँ ११ हजार ३७९ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । गुजरातपछि तमिलनाडूमा ११ हजार २२४ संक्रमति रहेका छन् । दिल्लीमा कोरोना भाइरसको संक्रमणको संख्या १० हजार ५४ पुगेको छ ।

### कोरोना भाइरस विरुद्ध लड्न डब्लुएचओलाई २ अर्ब डलर दिने चीनको घोषणा

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)लाई चीनले दुई अर्ब अमेरिकी डलर सहयोग प्रदान गर्ने भएको छ । सो रकम दुई बर्षभरीमा कोरोना भाइरस विरुद्ध लड्नका लागि प्रदान गर्ने निर्णय भएको चिनियाँ राष्ट्रपति सि चिन फिङले सोमबार जानकारी दिनुभयो । विश्वभरी कोरोनाभाइरसको महामारी फैलिएकाले त्यसको नियन्त्रण तथा न्युनिकरणका लागि संयुक्त राष्ट्रसंघीय यस निकायलाई चीनले सहयोगको घोषणा गरेको छ । विश्व स्वास्थ्य सम्मेलनका क्रममा राष्ट्रपति सिले कोरोनाभाइरस सम्वन्धी सम्पुर्ण विवरण चीनले डब्लुएचओ र अन्य देशहरुलाई उपलब्ध गराउने पनि जानकारी दिनुभयो । हामीले कोरोनाभाइरसको नियन्त्रण र उपचारसम्वन्धी आफ्ना अनुभव सवैलाई बाँड्न चाहन्छौँ, हामीले हाम्रो श्रोत र शक्ति पनि वितरण गर्न चाहन्छौँ, उहाँले भन्नुभयो । संगठनलाई अमेरिकाले यसअघि दिँदै आएको सहयोग कटौती गरेको बेला चीनले भने सहयोगको हात फैलाएको हो । अमेरिकाले सहयोग कटौती गर्ने घोषणा गर्दा विश्वभरबाट आलोचना भएको थियो । विश्वव्यापी महामारीका कारण संगठनलाई अहिले अझ धेरै आर्थिक सहयोगको आवश्यकता रहेको भन्दै संगठनले सहयोगका लागि अपिल गर्दै आएको छ ।

### जम्मु–काश्मिरमा पाँच चिकित्सकमा कोभिड १९ संक्रमण पुष्टि

जम्मु-काश्मिरमा सोमबार पाँच चिकित्सकमा कोरोना भाइरस (कोभिड( १९) सङ्क्रमण पुष्टि भएको छ । सङ्क्रमित पाँच चिकित्सकमध्ये चार जनाले कोभिड(१९ का एक विरामीलाई उपचार सेवा दिने क्रममा सङ्क्रमण भएको स्थानीय अस्पताल स्रोतले बताएको छ । छाती रोग अस्पतालका प्रमुख चिकित्सक नवीद शाहले चिकित्सकहरूमा सङ्क्रमण भएको पुष्टि गर्दै भन्नुभयो, सोमबार प्राप्त रिपोर्टमा पाँच चिकित्सकमा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । उनीहरूमध्ये चार जनाले कोभिड(१९ बाट सङ्क्रमण भएका एक विरामीको उपचारमा खटिएका थिए । संघीय (केन्द्रीय) स्वास्थ्य मन्त्रालयका अनुसार जम्मु(काश्मिरमा सोमबारसम्म एक हजार १८३ जना सङ्क्रमित रहेका छन् भने सङ्क्रमितमध्ये १३ जनाको मृत्यु भएको छ ।

### भारतमा आगलागीमा परी सातको मृत्यु

पसलसहितको एक आवसीय भवनमा आगलागी हुँदा भारतको मध्य प्रदेशमा कम्तीमा सात जनाको मृत्यु भएको अधिकारीहरूले जनाएका छन् ।

मध्यप्रदेशको राजधानी भोपालबाट करिब ४०४ किलोमिटर टाढा ग्वालियर शहरको इन्दरगञ्जमा आगलागी भएको र घटनामा पाँच अन्य घाइते भएका बताइएको छ । सोमबार ग्वालियर शहरमा आगलागी हुँदा सात व्यक्तिको मृत्यु भएको र पाँच अन्य आगोले जलेर सख्त घाइते भएका छन्, स्थानीय एक प्रहरीले घटनालाई पुष्टि गर्दै भने । प्रहरीका अनुसार घटनामा मृत्यु हुनेमा चार बालबालिकासहित तीन महिला रहेका छन् ।

स्थानीय वासिन्दाका अनुसार एउटा रङ पसलबाट आगलागी शुरू भएको थियो,जुन क्षणभरमा नै भवनको माथिल्लो तलासम्म फैलिएको थियो ।

स्थानीय वासिन्दा अतुल चौधरीले भन्नुभयो, रङ पसलबाट शुरू भएको आगलागी सोही भवनमा रहेका दुई परिवार बस्दै आएको माथिल्ला तलामा तुरून्तै फैलिएपछि त्यहाँ रहेका महिला तथा बालबालिकाको निधन भएको हो ।

प्रहरी र स्थानीयको लामो प्रयासपछि केही घन्टापछि भवनमा लागेको आगो नियन्त्रणमा आइसकेको छ ।


## नोभल कोरोना (covid-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।



नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

## सूचना तथा प्रसारण विभाग

पुस्तक

# भूतप्रेत, भगवान र विश्वास

झमक घिमिरे


उमेरले अलिकति माथिल्लो खुड्किलो उक्लिए पनि ममा अझै बाल अबोधपन सकिएको थिएन । चेतनाका अंकुरहरू अलिअलि टुसाउन थाले पनि ती पूर्ण वयस्क हुन अझै धेरै समय लाग्थ्यो । त्यतिबेला हाम्रो घर वरिपरि नजिक पानीको स्रोत थिएन, निकै पर एउटा कुवा थियो । त्यहींबाट बोकेर आमाहरूले ल्याउँथे पानी । म भने घरमा काम चलाइसकेको फोहोर पानी खेल्थैँ । कहिलेकाहीँ आमाले माया गरेर अलिकति सफा पानी खेल्न दिन्थिन् । पानी पाएर खुशीले सानो चुल्हो बनाउँथे, बाँसका मसिना सिन्का गाडेर फालेका प्लास्टिकको छानो लाएर गोठ पनि बनाउँथे । अलि पर घिस्रिदै बारीका कान्लामा पुगेर कचिया दुईटा खुट्टाले समातेर टुप्पोले खोतलेर ससाना चार कुना भएका खोपाहरू बनाउँथे र मैलो फोहोर पानीले भए पनि माटो मुछेर माटाका भाँडाहरू बनाउँथे र तिनलाई त्यही खोपामा राख्थे, पानी परे भने पनि हतपत भिज्दैन्थे मेरा भाँडाहरू, चुलो पनि साने गोठमा हुन्थ्यो । त्यो पनि भिजेको हुँदैन्थ्यो, सुरक्षित हुन्थ्यो र म भोलीपल्ट पनि आनन्दले खेल्थे । मैले त्यही कचियाको टुप्पाले भुँइ खनेर डन्डी-बियो खेल्ने दुलो बनाउँथे । डन्डीले हानेर गजबले खेल्थे एक्लै डन्डी-बियो । गुच्चा र खोपी पनि खुट्टाले नै हानेर खेल्थे । पाठकहरूको मनमा प्रश्न उब्जियो होला- "के यो सम्भव छ ?" सम्भव छ, तपाइको हात जति क्रियाशील हुन्छ, मेरा खुट्टा पनि त्यति नै क्रियाशील हुन्छन् भन्ने कल्पना गर्नुहोस्- सम्भव छ कि छैन ? मलाई याद छ -"यो केटीले त छोरा मान्छेले खेल्ने खेल खेल्दैछे । यो कलियुगमा के के देख्नु परेको ।" भन्दै हाम्रो घरको बाटो खरको भारी बोकेर उकालो लाग्थे । हो मैले बच्चापनमै गोठ बनाउने, खोपा बनाउने, गुच्चा डन्डी-बियो, खोपी खेल्ने जस्ता खेलहरू केटाहरूले मात्र खेल्नुपर्छ भन्ने मान्यता बोकेकाहरूको मानसिकता विरूद्ध पाइलाहरू चालीसकेकी रहिछु ।

त्यती बेला मैले पुतली बनाउने, चुल्हो बनाउने पनि नखेलेकी होइन तर बालपनमा मान्छेले जती बढी स्वतन्त्रता पायो त्यहाँ त्यो समाजको केटाले यस्तो खेल्नु पर्छ केटीले यस्तो खेल्ने पर्छ भन्ने मान्यताका पर्खालहरू भत्किएर नवीन खालका समानताका मान्यताहरू आफै निर्माण हन जाने रहेछन् । देख्नेहरूमध्ये कोही खरका भारी बिसाएर मैले खेलेको रमिता हेर्थे । कसैले त मुख च्व-च्व गर्दै कठैवबरी घ् साथी कोही नभए पनि खेलिरहँदी रहिछ भन्थे । खर र दाउराका भारी बोकेर उकालो लाग्ने भरिया को हुन् ? अहिले मलाई याद छैन । तर उनिहरूले भारी बिसाएर वा भारीसँगै निकै बेर ठिङ्ग उभिएर हेर्ने वस्तु मै थिएँ । निकै बेर उभिएर एक टकले हेरिसकेपछि च्व च्व गर्दै "अघिल्लो जन्मको कर्मको फल" भन्दै लस्करै उकालो लाग्थे । बालमन मस्तिष्कभरि यो अघिल्लो जन्मको फल भनेको के होला भन्ने प्रश्न उठिरहन्थ्यो ।

बाबाले एउटा राजको कथा भनेका थिए । त्यस कथामा राजका तीनवटी रानीमध्ये माइली रानीलाई कुलामा काटेर भोग दिएपछि त्यस देशमा सहकाल लागेको थियो । काटिएकी रानी हरीयो चरो भएर भर्र उडेकी थिइन् । ती पात्राले बालमन मस्तिष्कभरि प्रभाव जमाइन् । अघिल्लो जन्ममा मान्छे थिइन्, पछिल्लो जन्ममा हरियो चरो भएर भुर्र उडिन् ।

हाम्रा कथ्य पौराणिक साहित्यमा यस्ता पात्रपात्राहरूले एकछत्र प्रभाव जमाएका छन्, जसले जन्म जन्मान्तरको जिन्दगी पाउँछन् र कुनै न कुनै रूपमा दीर्घकालसम्म जीवित हुन्छन भन्ने त्यसभित्र एउटा भ्रम छरिएको हुन्छ, यो भ्रम जन्म जन्मान्तरको हो । एक जन्मका पापहरू, कुर्कमका फलहरू अर्को जन्ममा दिन्छन् भगवानले भन्ने मान्छेको परम्परागत विश्वास छ र म पनि त्यही विश्वासको पर्खाल भित्रकी मान्छे, जसलाई भत्काउन एकैचोटि असम्भव थियो । तर मलाई कहिलेकाँही भगवान भन्ने वस्तुसँग साह्रो रिस उठ्थ्यो । किनभने मैले भगवान्लाई आपत्-विपत्मा जति पुकारे पनि त्यो भगवान भन्ने जन्तु कहिल्यै मेरा सामु उपस्थित भएर मलाई "तथास्तु" भनेर आशिर्वाद दिएन । त्यसैले मैले आफैले भगवान मानेर विभिन्न खालका झार पातका फूलहरू र माटोले पुजेका भगवान ( ढुङ्गा) हरूलाई धेरै पटक फालिदिएकी छु र कान्लाका भित्ता खोपेर बनाएको भगवानको मन्दिरलाई भेरै पटक भत्काइदिएकी छु । भाइबहिनीहरू भएको बेलामा उनीहरूसँगै खेल्थे, उनीहरू नभएको बेला म एक्लै पर्थे । उनीहरू ठूला मान्छे हुन भन्दै स्कुल जान्थे । म त घरमा बस्ने मान्छे, सानै मान्छे भए पनि मलाई पनि स्कुल जान मन लाग्थ्यो । तर म सँग स्कुलसम्म हिँडेर पुग्ने बर्गत खुट्टामा थिएन । म घिस्रिएर अलि परभन्दा कहिल्यै पुगिन अर्थात् स्कुलमा कहिल्यै पुग्न सकिनँ ।

भगवान्ले यस्तै बनाएको थियो । मलाई सबै देख्ने मान्छेहरू यसै भन्थे । त्यो भगवान् भन्ने वस्तु कस्तो होला भन्ने प्रश्न उठिरह्यो मनमा । मैले भगवान्का कथाहरू राम, कृष्ण, शिव, पार्वती, दुर्गा, राक्षसका कथाहरू रावण, हिरण्यकश्यप, कंश शुम्भ, निशुम्भहरूको बारेमा पनि आफूभन्दा ठूला मान्छेको मुखबाट सुनेकी थिएँ । ती कथाका पात्रहरूले मनमा एक खालको भगवान्माथि विश्वास जगाएका थिए । मलाई पनि भगवानको तपस्या गर्न मन लाग्थ्यो किनभने भगवान् मेरो सामु उपस्थिति भएर लोभलाग्दो वरदान दिउन् भन्ने लाग्थ्यो । हो म प्रलादजस्तै भगवान्को भक्त बन्न चाहन्थैँ या त बालक धुव्रजस्तै भगवान्को प्रिय । त्यसैले म एक्लै घर कुरूवा बसेको ढुङ्गा मिलाइमिलाई फुटाएर तीन चोसे भएपछि दूवाको लामो लहरो एउटा चोसेमा माला बनाइदिन्थैँ, अँगारले कोरेर ठ्याक्कै मान्छेको आकृति दिएर कान्लाके भित्तामा सिन्काले या कचियाले खोपो बनाएर त्यहाँ राखेपछि मेरो शाश्वत मन्दिर र शाश्वत भगवान् त्यही हुन्थ्यो । त्यही मन्दिर र भगवान्लाई माटो झारपातका फूलहरूले पूजा गरेर ढोगेर रून्थैँ, भगवान् मलाई पनि अरू जस्तै बनाइदेऊ न भन्दै हरेक दिन बिलाप गर्थे । तर त्यो मैले अगाध विश्वास गरेको निर्जिव भगवानले न त मेरो बिलौना सुन्यो न त शाश्वत भगवान सामु उपस्थित भयो । अनि म भक्त ध्रुवजस्तो कहिल्यै बन्न सकिन न त प्रल्हादजस्तो बन्न सके । सायद मैले उनीहले जस्तो ढुंगाको मूर्तिलाई भक्तिभाव, विश्वास, आस्था राख्नु बालअबोधपन नै थियो । उनीहरूले जस्तो एकोहोरो विश्वास राखे पनि त्यो साक्षत् भगवान प्रकट भएर कहिल्यै मनावाञ्छित फल दिएन । अहिले बुझ्दा पो के देओस् फल । त्यसको अस्तित्व भएपो देओस् त फल । तर पनि ती मान्छेले भगवान भनेका पात्रपात्राहरूले कोमल बाल मनमस्तिष्कमा गहिरो छाप छोडिदिए जसले पछिसम्म विचार र जीवनपद्धतिमा असर पार्‍यो । रावण, हिरण्यकशिपु, शुम्भ, निशुम्भजस्ता पात्रहरूले मानसपटलभरी एक खालको सन्त्रास भरिदिएका थिए । साँच्चै म त्यतिबेला घरभित्र पस्न डराउँथे, उहिलेको घर दुम्सीको दुलोजस्तो अँध्यारो हुन्थ्यो । हाम्रो घर पनि कहाँ ठूलो थियो र । खरको छानो, ढुंगा माटाले बनेको, भुइँमा परेको, अगाडितिर एउटा ढोका राखिएको र सानो दलान तल्लोपट्टी एउट जस्केलो थियो । टाँडमा एउटा झ्याल भएको घर थियो । आमाले कहिलकांही पानी परेको बेला हामी केटाकेटीहरूलाई टाँडमा लगेर राख्थिन । हाम्रो घरको टाँड ठ्याक्कै दुम्सीको दुलोभन्दा फरक थिएन । केटाकेटीको जात त हो त्यो अँध्योरो टाँडमा बस्न के मान्थ्यो र ? टाँडमुनि पनि गतिलो उज्यालो भएको घर थिएन । मैले बाहिरबाट हेर्दा भूत निस्कियो भने घ् मेरीबास्सै के गर्नु ? मनमा यस्तै सन्त्रास भरिएको हुन्थ्यो । त्यसैले पानीपानी भएर घरभित्र पसिहाले पनि डरले आत्तिएर बाहिर निस्किन्थे र दैलो लाइहाल्थें । हाम्रा संस्कार र संस्कृतिमा कति नराम्रा कुराहरू छन् भने मरेका मान्छेहरू सजिव बनेर आउँछन् अनि उनीहरूका कुममा आँखा हुन्छन्, पेटमा दाह्रा हुन्छन्, पिठ्यूँ खोक्रो हुन्छ, टाउको हुँदैन र खुट्टा पछाडिपट्टी फर्केको रूपमा आउँछन् । मलाई आफूभन्दा ठूलाहरूले यस्तै खालका सन्त्रासजन्य कुरा सिकाइदिएका थिए । एक्लै हुँदा लाग्थ्यो कतै हजुरआमा त्यस्तै भूत बनेर आउँदिनन् ? यही त्रासले मनमा सताइरहन्थ्यो । कहिलेकहीं त म घर पर पुगेर खेल्थे । यसो गर्दा मैले घरबाट निस्किने भूतको त सामना गर्नु पर्दैनथ्यो । म राक्षस र भूतमा केही फरक पाउँदिनथें । दुवैले मलाई भेटे एकै गासमा निल्थे । जीवनको माया केटाकेटीलाई पनि हुँदोरहेछ । नभए म घरभन्दा पर पुगेर खेल्ने थिइन होला, आमाका थोत्रा फाटेका पछ्यौराले ढाकेर खाटमुनि लुक्ने थिइन होला, राक्षसले खाने डरले धेरै पटक खाटमुनि छिरेर बसेकी छु । ती आपतका क्षणहरूमा मैले भगवानलाई धेरै पटक मनमनै पुकारेर रोएकी छु ।




साँच्चै बाल्यकालको त्यो एक्लोपनालाई साथ दिने सुन्यताभन्दा अर्को चीज थियो भने आफैले स्थापना गरेको ढुंगाको भगवान । म मैले बनाएर ढुंगाका भगवानहरूले कुनै प्रतिक्रिया नदिएपछि आक्रोशित हुन्थें, क्रोधित हुन्थें । यो भगवानले मलाई बालक ध्रुवलाई जस्तो, प्रह्लादलाई जस्तो माया किन गर्दैन ? यो भगवान पनि मान्छेमान्छेमा किन भेद गर्छ ? यस्ता प्रश्नहरू गरिरह्यो मेरो मनले भगवानसँग । एक किसिमको अविश्वास पोखिरह्यो । मैले भगवानलाई पटकपटक फालिदिंदा पनि मलाई केही नगरेकाले मेरो मनमा भएको भगवानप्रतिको आस्था, विश्वास पनि बिस्तारै अनास्था, अविश्वासमा परिणत हुँदै गएको हो । त्यतिबेला मेरो स्वभाव अनौठो खालको थियो । त्यो भगवान बनाएको ढुंगा एकछिन रिसले फाले पनि फेरि नानी बनाउन टिपेर ल्याएर थाङ्नाहरूमा बेरेर त्यसलाई ओछ्यान बनाएर सुताउँथे । यस्ता नानीहरू बोतलका वा ढुंगाका बनाउँथे, थोत्रा थाङ्नाका पनि टाउके नानीहरू बनाउँथे । ती नानीहरू मान्छेजस्तै खाना खाऊन् भन्ने म चाहन्थे तर त्यो निर्जिव वस्तुमा मान्छेमा जस्तो क्रियाप्रतिक्रिया हुँदैन । मैले त्यो चाहना गर्नुपनि स्वाभाविकै हो । किनभने केटाकेटीको मनोविज्ञान प्रत्येक चीज आफूजस्तै होउन् भन्ने चाहना हुन्छ । मैले बनाएका नानीहरूले मलाई आमा भनेर बोलाइदिऊनभन्ने चाहना गर्थे । म मान्छेकै जस्तो दिसा, पिसाब ओछ्यानमा गरून् भन्ने चाहना गर्थे किनभने मान्छेका बच्चाहरूले यसो गरेको देखेकी थिएँ । तर मेरा नानीहरूले कहिल्यै यसो गरेनन् । विकसित देशमा जन्मिएकी भए मसँग रूने, हाँस्ने यान्त्रिक गुडियाहरू खेलाउन पाउँथे होला । म अल्पविकसित देशमा जन्मिएकी थिएँ, त्यसमाथि मसँग जोडिएको शारीरिक दुर्बलतालाई मान्छेले हरेक क्रियाकपाललाई त्यससँग जोडेर हेर्थे र पनि मैले उनीहरूको सोच, चिन्तनलाई बेवास्ता गर्दै खेलें निर्धक्क सिसाका बोतल, ढुंगा र थाङ्नाका टाउके नानीहरू । मैले खेलेको देख्दा यो यो लाटीको खेल यस्तै हुन्छ,हेर, नानी सुताएकी भन्थे मान्छेहरू । त्यही ठाउँमा अरू बच्चाहरूले खेल्दा सामान्य मानिन्थ्यो तर मप्रति त्यो दृष्टिकोण राखिएन । जसले जुन खालको सोच चिन्तन राखे पनि त्यो समय मेरा बालापन साँच्चै सुन्दर थियो, जसलाई मैले भोगें ।

स्रोत : "जीवन काँडा कि फूल" बाट)

गजल/कविता

## आफन्त र नाता



कृष्ण बहादुर बोगटी काका
धुम्बाराही –४, काठमाण्डौ
हाल चक्रबहिल –१२, ललितपुर

आफन्तले बालुवाटार त के सिंह दरबार खाए पनि
हामी नेता मन्त्री बोल्दैनौ नाता गोता पाएपछि
गरिब जनताले साचो बोले पनी
भ्रष्टाचारीहरु सधैं किन गर्छन रुने ।

नेकपाको झोलेले भ्रष्टाचार धेरै गर्‍यो
सडक बच्चा बच्चीको राहत पजेरो चढी मर्‍यो ।
झोले थियो गौरी सडक बच्चा फसाई नाता पोस्यो ।
मैले विरोध गरेको त मेरै इज्जत पाहुर लगाई खोस्यो ।

सडक बच्चा राहतले २–३ घर बनायो
कम्युनिष्ट भन्ने हरु गरिब फसाएर गनायो
सडक बच्चालाई नाङ्गेझार बनाएर खायो
भ्रष्टाचारीको मैले विरोध गरै फसाएर मर्‍यो ।

झुटो आरोप लगाएर जेलै हाली दियो ।
प्रशासन किनी किनी बोगटीलाई फसाई दियो
नातागोता सबैको होटलमा विवाह बारी गर्‍यो ।
सडक बच्चा सहयोगले नाता गोता पोस्ने काम गर्‍यो ।

अहिले मरी गए हेर ससुरा गौरीको बाउँ जस्तो
नेपालमा मानव अधिकार आयोगको पैसाले घर भयो
आयोगको गाडी किन्दा प्रधानले भ्रष्टाचार गर्‍यो ।
विरोध गरी डाक्टरनीले बोतल हान्नै पर्‍यो ।

## आमा जन्म देउ सपुत

नाता गोता मात्र पोस्ने केपी ओली
बिपक्षीले बोलिहाले हानी हाल्छ गोली
नेकपाले नातागोता छोरी बुहारी मात्र हेर्छ
जनतालाई राहत दिन परे सधै बोली फेर्छ ।

नेता मन्त्री चाहियो यहाँ जनतालाई चिन्ने
धेरै नेता पाइयो यहाँ भ्रष्टाचारी मात्र किन्ने
देश र जनतलाई चिन्ने नेता मन्त्री चाहियो
विदेशीको गुलामी गर्ने मात्र नेता पाइयो ।

बेरोज गार जनतालाई आहात पारी दिने
आफ्नो छोरी बुहारीलाई मेहेर मन्त्री दिने
जनताको छोरा छोरी मार्‍यो कुकुर विरालो झै गरी
आफ्नो छोरा मर्दा खेरी विलौना गर्ने नेता बरी ।

नेपाल आमा र जनतालाई हेर्ने नेता चाहियो ।
नाता गोता मात्र हेर्ने धेरै नेता पाइयो ।
पिउन देखी हाकीम सम्म आफ्नै हुनु पर्ने
दुखी गरिब जनताले कस्को आस गर्ने ।

देश हाक्ने नेपालमा सक्षम नेता छैन
नेपाल आमा अब सक्षम नजन्माइ नि भैन
देशको रक्षा गर्ने नेता चाडै हाम्लाई चाहियो ।
विदेशीको इसारमा चल्ने धेरैनै पाइयो ।

डा. जेवि पाठक
शितल होमियोप्याथिक फार्मेसी
लायन्सचोक, नारायणगढ

हामीकहाँ विशेष गरी विना अप्रेशन पाईल्स, फिस्टुला, शरीरमा भएको ट्युमर, मूसा (Warts), मृगौलाको पत्थरी, एवं बाथ, दम, ग्यास्ट्रीक, अल्सर, टन्सिल, बारम्बर रुघाखोखी लागि राख्ने, कपाल झर्ने, महिलाहरुको महिनावारी समयमा नहुने, सेतो पानी बग्ने, एवं छाला सम्बन्धी विविध रोगहरुको सफलतापूर्वक उपचार गरीन्छ ।
(विरामी जाँच्ने समय : विहान ११ वजे देखि साँझ ६ वजेसम्म)

# कानूनी बाधा फुकाउने निर्णय आइतबार सुनाइने

काठमाडौं । सर्वोच्च अदालतमा महामारीका बेलामा म्याद र हदम्यादका तारिका विषयमा कानूनी बाधा फुकाउनका लागि प्रधानन्यायाधीशसहित १९ जनाको वृहत पूर्ण इजलासले गरेको निर्णय यही जेठ ११ गते सुनाउने भएको छ । कोरोना भाइरस सङ्क्रमणको सम्भावित जोखिमबाट बच्नका लागि सरकारले बन्दाबन्दी गरेको महामारीका बेलामा म्याद, हदम्यादका तारिखका विषयमा कानूनी स्पष्टताका लागि बसेको इजलासले यही जेठ ११ गते आइतबार निर्णय सुनाउने सर्वोच्च अदालतमा सहप्रवक्ता देवेन्द्र अधिकारीले जानकारी दिनुभयो । बन्दाबन्दी एकैपल्ट नखुली आंशिक वा क्षेत्रगत रूपमा मात्र खुलेको स्थितिमा मुद्दाको म्याद र हदम्यादका तारिखको गणना कसरी गर्ने भनेर अप्ठ्यारो स्थिति पैदा भएकाले बाधा अड्काउ फुकाउने बारेमा यस इजलासले निर्णय गर्नेछ ।


वृहत पूर्ण इजलासमा प्रधानन्यायाधीश चोलेन्द्रशंसेर जबरासहित न्यायाधीशहरु दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा, प्रकाशमानसिंह राउत, सपना प्रधान मल्ल, तेजबहादुर केसी, पुरुषोत्तम भण्डारी, वमकुमार श्रेष्ठ, टङ्कबहादुर मोक्तान, प्रकाशकुमार ढुङ्गाना, सुष्मालता माथेमा, कुमार रेग्मी, हरिप्रसाद फुयाँल र मनोजकुमार शर्मा रहनुभएको थियो ।


नेपालको संविधानमा संवैधानिक तथा राजनीतिक समस्यामा बाधा अड्काउ फुकाउने व्यवस्था भएपनि महामारीका बेलामा न्यायालयले कसरी काम गर्ने भनेर सो इजलासले कानूनी स्पष्टता तय गर्नेछ । सर्वोच्च अदालतले यही विषयमा जटिलता उत्पन्न भएकाले महान्यायाधिवक्ता अग्नि खरेल, नेपाल बार एसोसिएशन र सर्वोच्च अदालत बार एसोसिएशनसँग राय सुझाव मागेको थियो । सरकारले सङ्क्रामक रोग ऐन, २०२० को प्रयोग गरी महामारी नियन्त्रण तथा रोकथामका लागि काम गरिरहेको छ ।

## गाउँमा नै आम्दानीको व्यवस्था गर्नुपर्छ : वरिष्ठ नेता पौडेल

दमौली । नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गाउँमा नै रोजगारी र आम्दानीको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभएको छ । नेपाल विद्यार्थी सङ्घ तनहुँले आयोजना गरेको अनलाइन प्रशिक्षण कार्यक्रमको आज समापन गर्दै वरिष्ठ नेता पौडेलले कोरोनाका कारण मानिस गाउँ फर्किएकाले अब उनीहरुलाई गाउँमा नै बसुँबसु बनाउनेतर्फ सरकारले सोच्नुपर्ने बेला आएको बताउनुभयो । कोरोनाका कारण अहिले सबै मानिस गाउँको शरणमा आउनुपरेको चर्चा गर्नुहुँदै वरिष्ठ नेता पौडेलले भन्नुभयो, “शहरमा रोजगारी खोज्न गएका मानिस गाउँमा आएका छन्, गाउँमा पुगेको जनशक्तिलाई अब गाउँमै बसुँबसु बनाउनुपर्छ । त्यसका लागि गाउँमा नै रोजगारीको अवसर सिर्जना गर्नुपर्ने बेला आएको छ ।” वरिष्ठ नेता पौडेलले गाउँमा रोजगारीको अवस्था सिर्जना गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय सरकार लाग्नुपर्नेमा सुझाव दिनुभयो । उहाँले भन्नुभयो, “हिजोसम्म गाउँ रित्तो थियो, आज गाउँ हराभरा भएको छ, गाउँमा रोजगारीको अवस्था सिर्जना हुनसके कोही पनि शहर जाँदैनन् ।” समृद्धिको आधार कृषि, पर्यटन र जलस्रोत रहेको चर्चा गर्नुहुँदै वरिष्ठ नेता पौडेलले कृषिमा व्यावसायिक क्रान्ति अहिलेको आवश्यकता रहेकामा जोड दिनुभयो । “बन्दाबन्दीको अवस्थाले उत्पादन घट्न सक्ने भएकाले कृषिमा आत्मनिर्भर बनाउनेतर्फ सरकारले योजना बनाएर कृषिमा लगानी बढाउनुपर्छ”, वरिष्ठ नेता पौडेलले भन्नुभयो, “अहिले सङ्कटले थला परे पनि भविष्यमा खाद्य अभावले ज्यान जानसक्ने अवस्था आउन सक्छ ।” विदेशमा गएका नेपालीको रोजगारी गुमेकाले विप्रेषण रोकिने अवस्था आएकाले नेपालभित्रै भएका सम्भावनाको सदुपयोग गर्दै सङ्कट व्यवस्थापन गर्ने चुनौती रहेको वरिष्ठ नेता पौडेलको भनाइ थियो । कृषिलाई औद्योगिकीकरण गर्नेतर्फ स्थानीय तहले कृषिमा लगानी बढाउनुपर्ने बताउँदै वरिष्ठ नेता पौडेलले भन्नुभयो, “अहिलेसम्म कृषि पेशा अपहेलित छ, कृषिलाई सम्मानित पेशा बनाउनुपर्छ ।” विश्वका विकसित देशमा अहिले महामारी रहेकाले कोरोनाले विश्व व्यवस्थालाई नै झड्का दिएको वरिष्ठ नेता पौडेलको भनाइ थियो । बन्दाबन्दीको सदुपयोग गर्न र घरमै बसिरहेका विद्यार्थी नेताहरुलाई प्रशिक्षित गर्न अनलाइन प्रशिक्षण सञ्चालन गरिएको नेपाल विद्यार्थी सङ्घ तनहुँका सभापति चूडामणि खनालले जानकारी दिनुभयो । वैशाख २२ गतेदेखि शुरु भएको प्रशिक्षण कार्यक्रममा ‘कोरोना हुँदाको नेपालको अवस्था र कोरोनापछिको नेपालको अर्थतन्त्रको अवस्थाका बारेमा प्रशिक्षण दिइएको थियो । सो अवसरमा काँग्रेसको नीति नियम, आचारसंहिता र देशको समसामयिक विषयमा पनि प्रशिक्षण दिइएको थियो । उक्त कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य डा रामशरण महत, प्रवक्ता विश्वप्रकाश शर्मा, धनराज गुरुङ, शङ्कर भण्डारी, बद्री पाण्डे, गोविन्द भट्टराई, जीवन परियार, प्रदीप पौडेल, जिल्ला सभापति वैकुण्ठ न्यौपाने, महासमिति सदस्य देवराज चालिसे, राजनीतिक विश्लेषक रमेश अधिकारी, नेपाल विद्यार्थी सङ्घका सभापति राजीव ढुङ्गाना लगायतले प्रशिक्षण दिनुभएको थियो ।




जनआकाश मिडिया प्रा.लि.का लागि प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस